मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## अन्सारीले दले आफैँलाई मोसो

मधेश प्रदेश सभामा एक अनौठो र प्रतीकात्मक घटना भयो । नेकपा माओवादी केन्द्रका सांसद रहबर अन्सारीले प्रदेशसभाको रोस्ट्रममा भाषण गर्दै आफ्नै मुखमा मोसो दले । सांसद अन्सारीले कुनै पनि सरकारले जनताका पक्षमा काम गर्न नसकेको आरोप लगाउँदै प्रदेशसभा र राजनीतिक नेतृत्वप्रति गहिरो असन्तुष्टि व्यक्त गरे । उनले आफू प्रदेशसभा सदस्य भए पनि जनताको वास्तविक आवाज बोल्न नसकिएकामा आत्मग्लानी महसुस भएको बताए । भाषणक्रममा उनले भने, 'जबसम्म यो प्रदेशमा जनताको पक्षमा काम हुने सरकार बन्दैन, तबसम्म म पनि दोषी नै छु ।' त्यसपछि उनले विरोधस्वरूप सबैको अगाडि आफ्नो मुखमा मोसो दलेका थिए । अन्सारीले यो कदमलाई सार्वजनिक अपराधको प्रतीकात्मक स्वीकारोक्ति बताउँदै, 'म पनि यस अन्यायपूर्ण प्रणालीको हिस्सा भएको अपराधी हुँ,' भन्ने अभिव्यक्ति दिएका छन् । उनको यो कदमले सभामा केही क्षण हलचल सिर्जना गरेको थियो । केही सांसदले यो कदमलाई राजनीतिक असन्तोषको चरम रूप भनेका छन् भने कतिपयले यसलाई अनुशासनविपरीत कार्यका रूपमा लिएका छन् ।

● वर्ष ३ ● अंक ३३० ● २०८२ साल कार्तिक २३ गते आइतबार ● Sunday 09, November 2025 ● सूर्योदय: बिहान ०६:२० बजे ● सूर्यास्त: साँझ ५:१७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# विश्वासको मत पाउने आधार नबनेपछि मुख्यमन्त्रीद्वारा राजीनामा



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
विश्वासको मत पाउने आधार नदेखेपछि मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले पदबाट राजीनामा दिएका छन् । प्रदेशसभा बैठकमा उनले शनिबार राजीनामा घोषणा गरे । विश्वासको मतका लागि उनले समय लिएका थिए । तर, विश्वासको मत नपाउने निश्चितजस्तै भएपछि पदबाट राजीनामाको घोषणा गरे ।

मधेश प्रदेशका मुख्यमन्त्री सोनलको सरकारलाई विश्वासको मत दिन माओवादीका दुई सांसदले विद्रोह गर्दै नदिने अडान लिएपछि विश्वासको मत पाउन कठिन देखेका मुख्यमन्त्रीले राजीनामा घोषणा गरेका हुन् । सभामुख रामचन्द्र मण्डलले मत विभाजनको प्रक्रियामा गएपछि मुख्यमन्त्री सोनारले छलफल तथा वार्ताको समय नदिएको भन्दै संसदबाटै राजीनामा घोषणा गरे । त्यसअघि सत्ता पक्षबाट माओवादी केन्द्रका दुई सांसद रहबर अन्सारी र माला कुमारी कर्णले आफ्नो कुरा राख्न पाउनुपर्ने भन्दै मन्तव्यसहित विश्वासको मत नदिने घोषणा गरेका थिए । शनिबार बसेको प्रदेशसभा बैठकमा माओवादी केन्द्रका दुई जना प्रदेशसभा सदस्यले तटस्थ बस्ने भनेपछि अल्पमतमा परेका मुख्यमन्त्री सोनलले सदनमै राजीनामा घोषणा गरेका हुन् ।

उनले मन्त्रिपरिषद्को कुनै व्यक्ति सदनमा नभएको भन्दै सभामुखले सदनको कारबाही अगाडि बढाएकामा आपत्ति जनाए । उनले आफूले विश्वासको मत लिन अनुरोध गरेको र सभामुखले त्यसका लागि वातावरण पनि मिलाएकामा सदनमा राजीनामा दिएको घोषणा गरे ।

मधेश प्रदेश सभाका सभामुख मण्डलले मत विभाजन प्रक्रियामा जान खोजेपछि रोस्ट्रमबाट बोल्ने आग्रह गर्दै माओवादीका सांसद रहबर अन्सारीले मधेश प्रदेश सभाको औचित्य र नैतिक धरातल सकिएको भन्दै आफ्नै मुखमा मोसो दलेका थिए । रोस्ट्रमबाट बोल्दै अन्सारीले सबै दल र सांसदहरूको नैतिक धरातल सकिएकाले कुनै दललाई विश्वासको मत नदिने घोषणा गरे ।

अन्सारीसँगै माओवादी केन्द्रकी अर्की सांसद माला कुमारी कर्णले समेत केन्द्रीय शासन लागू गरेको विरोधमा कुनै पनि दलको नेतालाई पक्ष वा विपक्षमा मतदान नगर्ने हाउसबाट घोषणा गरिन् । मधेश प्रदेशसभामा १ सय ७ सांसदमध्ये ३ सांसद निलम्बित छन् ।

हाल प्रदेशसभाको कूल सांसद संख्या १ सय ४ मध्ये दुईजना जनस्वराज पार्टीका सांसद अनुपस्थित देखिएका थिए । जनमतबाट विभाजन भएर नयाँ पार्टी बनेका जनस्वराजका दुई सांसद पूर्व मुख्यमन्त्री सतिश कुमार सिंह र त्रिभुवन साह अनुपस्थित थिए । यता, नागरिक उन्मुक्ति पार्टीले सोनारलाई विश्वासको मत दिने निर्णय गरेको थियो । तर, संघीय समाजवादी पार्टीकी बिमला अन्सारी अनुपस्थित थिइन् ।

प्रदेश सभाको बैठक शुरु हुनासाथ बैठकमा विश्वासको मत माग्दै सोनलले विक्ष विपक्ष भन्दा पनि सबै एक ढिक्का भएर संघीयता जोगाउन र प्रदेश बलियो बनाउन आफ्ना पक्षमा मतदान गर्न आग्रह गरेका थिए । मधेश प्रदेशका मुख्यमन्त्री सोनलले विश्वासको मतअघि प्रदेशसभामा सम्बोधन गर्दै सबै सांसदलाई पार्टीको सीमाभन्दा माथि उठेर प्रदेश र देशको हितका पक्षमा निर्णय गर्न आग्रह गरेका थिए । उनले ठूला पार्टीका सांसदहरूसँग समेत विश्वासको प्रस्तावमा समर्थन जनाइ प्रदेश सरकारलाई काम गर्ने हौसला दिन अनुरोध गरेका थिए ।

मुख्यमन्त्री सोनलले भने, 'म तपाईंहरू सबैसँग विश्वासको प्रस्तावमा मत दिएर सरकारलाई काम गर्ने ऊर्जा र हौसला दिनुहुन आग्रह गर्न चाहन्छु । संघीयताको रक्षा र लोकतन्त्रको मजबुतीका लागि आज हामी सबै एकढिक्का भएर सकारात्मक सन्देश दिऔँ ।'

उनले संघीयता र लोकतान्त्रिक मूल्यको जगेर्ना गर्दै अग्रज पुस्ताले हासिल गरेका उपलब्धि रक्षा गर्न र नयाँ पुस्ताको भविष्य सुरक्षित गर्न सबै दलले सहकार्य गर्नुपर्नेमा जोड दिए । सोनलका अनुसार संघीयताको उद्गमविन्दु नै मधेश हो, त्यसैले मधेशका जनप्रतिनिधिहरूले थप जिम्मेवारीका साथ अघि बढ्न आवश्यक छ । उनले प्रदेश सरकार स्थायित्व र सुशासनका एजेन्डा लिएर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे । त्यसैगरी, जसपा नेपालका नेता एवम् पूर्वमुख्यमन्त्री लालबाबु राउतले अहिले संघीय सरकारबाट संघीयतामाथि प्रहार भइरहेको भन्दै यसलाई रक्षा गर्न एक ढिक्का हुन आवश्यक रहेको बताए । उनले मधेशका जनताले धेरै बलिदानी गरेर संघीयता ल्याएका कारण अहिले संघीयताको रक्षाका लागि सबैको भूमिका हुनुपर्नेमा जोड दिए ।

त्यसैगरी, माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले समेत संघीयताको रक्षाको लागि सरकारको पक्षमा मतदान गर्ने निर्णय गरेको जानकारी दिएका थिए । नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतो, नेपाली कांग्रेसका प्रमुख सचेतक कुँवरकान्त झाले सरकारका विपक्षमा जाने आफ्नो पार्टीले निर्णय रहेको जानकारी गराएका थिए ।

## सोनलले नसोचेको अवस्था अन्तिममा थाहा पाए

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनल गणितीय आधारमा विश्वासको मत पाउनेमा विश्वस्त देखिएका थिए । प्रदेश सभा बैठक बोलाइएको करिब आधा घण्टाअगाडि पुगेका उनको अनुहारमा मुस्कान देखिएको थियो । जनमतका दुई प्रदेश सभा सदस्य सतिश कुमार सिंह र त्रिभुवन साउन आउनेमा उनीसहित जनमत पनि ढुक्क थियो । तर आएनन् । उनले दुवै जना नआउने अवस्थामा पनि विश्वासको मत पाउनेमा भने ढुक्क देखिएका थिए । संघीय समाजवादी पार्टीका बिमला अन्सारीले विश्वासको मत दिने बिहानसम्म बताएकी थिइन् । सोनल यसमा पनि ढुक्क देखिएका थिए । तर उनको पनि उपस्थिति नभएपछि सोनललाई सताउन थालेको थियो । पटकपटक बाहिर भित्र गर्दै माओवादीलाई एक ढिक्का बनाउने प्रयासमा देखिएका थिए । माओवादीका असन्तुष्ट पक्षहरु समेत बैठक शुरु भएपछि एक साथ प्रवेश गरेका थिए । तर माओवादीका दुई जनाले विद्रोह गर्ने घोषणा गरेपछि सोनल सरकार अप्ठेरोमा परेको थियो । उनले आफ्नो कुरा राखेर बैठकबाट मन्त्रीसहित बाहिरएका थिए । उनलाई थाहा थियो, प्रक्रियामा गयो भने विश्वासको मत पाउने आधार छैन तर प्रदेश सभा स्थगित गराउने रणनीति तहमै उनी मन्त्रीसहित बाहिरिए । त्यसपछि बैठक स्थगित भयो । बैठक स्थगित भएपछि पटकपटक असन्तुष्टलाई मनाउने कार्य भए पनि सफल हुन सकेनन् । बैठक शुरु हुनासाथ उनी फेरि बैठक स्थगित गरेर असन्तुष्टलाई मनाउने दाउमा थिए । तर त्यो सम्भव नभएपछि उनीले राजीनामा दिने घोषणा गरे ।

**बाँधेर कुटनु पर्छ भनेपछि प्रदेश सभामा विवाद**

प्रदेश सभाको बैठक १० मिनेटका लागि स्थगित भएपछि प्रदेश सभाका सदस्यहरु बाहिर निस्कन लागेका बेला जसपा नेपालकी प्रदेश सभा सदस्य सुरिताकुमार साहले नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवतर्फ इगिंत गर्दै उनीहरुलाई बाँधेर कुट्नुपर्छ भनेपछि विवादको अवस्था सृजना भएको थियो । बैठक स्थगित भएपछि दुवै पक्षबीच तनावको अवस्था सृजना भएको थियो । त्यसपछि प्रदेश सभाको सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो । सत्ता पक्ष र विपक्षी प्रदेश सभा सदस्यहरुबीच निकै विवाद र तिक्तताको अवस्था सृजना भएको थियो ।

**चार प्रदेशसभा सदस्य अनुपस्थित**

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल) प्रदेशसभामा विश्वासको मत लिइराख्दा सरकारमै रहेका जनमत पार्टीका दुईसहित चारजना प्रदेशसभा सदस्य अनुपस्थित भएका थिए ।

जनमत पार्टीका प्रदेशसभा सदस्य निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र त्रिभुवन साह तथा नेपाल संघीय समाजवादी पार्टीकी प्रदेशसभा सदस्य बिमला अन्सारी तरन्नुम र राप्रपाकी प्रदेशसभा सदस्य कञ्चन बिच्छा अनुपस्थित भएका थिए ।

सिंह र साहले जनमत पार्टी विभाजन भएर बनेको जनस्वराज पार्टीमा सनाखतसमेत गरिसकेका छन् । दुवैले निर्वाचन कार्यालय मधेश प्रदेशमा पुगेर सनाखत गरेका थिए तर सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण उनीहरु अहिले जनमतमै छन् । अन्सारी र बिच्छा पार्टीको निर्णयअनुसार तटस्थ बसेका छन् । तर अन्सारीले भने शनिबार बिहानसम्म सोनलका पक्षमा मतदान गर्ने जनाएकी थिइन् । तर अन्तिम समयमा आएर अनुपस्थित भइन् ।

## सभामुखविरुद्ध नाराबाजी

मुख्यमन्त्री जितेन्द्र सोनलले मुख्यमन्त्री पदबाट रजीनामा दिने घोषणा गरेर प्रदेश सभाबाट निस्केपछि उनको समर्थकहरुले प्रदेश सभाभित्रै सभामुख रामचन्द्र मण्डलविरुद्ध नाराबाजी गरेका थिए ।

उनीहरुले बिहान रोकटोक प्रदेश सभामा प्रवेश गरेका थिए । प्रदेश सभामा प्रवेश गरेपछि एक हुन मुख्यमन्त्रीसँगै नाराबाजी गर्दै बाहिरिएका थिए । तर प्रदेश



सभाभित्र भने सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो । प्रहरी परिचालन गरिनुपूर्व नै उनीहरु प्रदेश सभा प्रवेश गरेका थिए ।

उनीहरुले नै सभामुखविरुद्धमा नाराबाजी गरे । मधेश प्रदेशसभामा शनिबार राजनीतिक तनावपूर्ण वातावरण सिर्जना भयो । सभामुख रामचन्द्र मण्डलको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै पाँच दलका नेताहरू र सांसदहरूले सभामुखविरुद्ध नाराबाजी गरे । उनीहरूले सभामुख मण्डलले पूर्वाग्रही ढंगले प्रदेशसभा सञ्चालन गरेको आरोप लगाए ।

सोनल समर्थित दलहरूले सभामुखले कार्यसूचीको उल्लङ्घन गर्दै सांसद रहबर अन्सारीलाई बोल्न अवसर दिएको भन्दै आपत्ति जनाए । उनीहरूका अनुसार, सभामुखको यस कदमले प्रक्रियागत निष्पक्षता तोडेको र त्यसकै कारण राजनीतिक संकट निम्तिएको हो । मुख्यमन्त्री सोनलले पनि सभामुख मण्डलको पूर्वाग्रही भूमिकाका कारण आफूले राजीनामा दिनुपरेको बताए । उनले संघीयताको आधार नै मधेशबाट शुरु भएको भए पनि अहिले सभामुखको व्यवहारले संघीयता नै संकटमा परेको टिप्पणी गरे ।

## असन्तुष्टि मिलाउन नसक्दा सरकार ढल्यो: विपक्ष





सत्ता पक्षले विपक्षी दल र सभामुखको कारणले जितेन्द्र सोनल सरकार ढलेको आरोप लगाएपछि विपक्षी दलहरुले यसलाई अस्वीकार गरेको छ । नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले सरकारमा सहभागी रहेका दलहरुबीच देखिएको विवाद मिलाउन नसकेका कारण वर्तमान सरकार ढलेको बताए ।

उनले आफूहरु सरकारले विश्वासको मत पाउछ भन्नेमा विश्वस्त रहेको अवस्थामा सरकार आफ्नै कारणले ढलेको बताए । उनले भने, 'आफ्नै कारणले ढलेका छन्, अनि आरोप हामीमाथि संसदीय प्रक्रियालाई अवलम्बन गर्नु पर्छ, जुन दल भए पनि हारजित स्वभाविक हो । आफ्नो बन्दा संघीयताको रक्षा हुने र हट्दा संघीयता जाने कुरा उचित होइन ।' उनले आफूहरु पनि सरकारमा सहभागी भएको तर विपक्षमा बस्ने अवस्था आउँदा विपक्षमा समेत बसेको बताउदै यसलाई स्वभाविकरुपमा लिनुपर्ने बताए ।

नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण प्रसाद यादवले समेत आफूहरु प्रजातान्त्रिक पदति अवलम्बन गरेको पार्टी भएको बताउँदै यसका लागि सोहीअनुसार अगाडि बढ्न चाहेको तर सरकारमा सहभागी दलहरु नै अन्तर्द्वन्द्वमा फसेका कारण यस्तो अवस्था आएको बताए । उनले आफूहरु सरकारको विपक्षमा बस्ने निर्णय गरेको र यो स्वाभाविक रहेको बताए ।

## मुख्यमन्त्री सोनलको राजीनामा स्वीकृत



मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)को राजीनामा स्वीकृत भएको छ ।

मुख्यमन्त्रीमा नियुक्त भएको २५ औँ दिन प्रदेशसभा बैठकमा विश्वासको मत लिने अवस्था नदेखेपछि राजीनामा दिएका मुख्यमन्त्री सिंहको राजीनामा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले स्वीकृत गरेकी हुन् ।

प्रदेश प्रमुख भण्डारीले मुख्यमन्त्री सोनल नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम पदबाट राजीनामा दिएकाले स्वीकृत गरिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जनाए ।

नेपालको संविधानको धारा १६९ को उपधारा (३) बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि मौजुदा मन्त्रिपरिषद्लाई प्रदेशको मन्त्रिपरिषद्को कार्यभार सञ्चालन गर्न तोकिएको छ ।

अल्पमतमा परेपछि तत्कालीन मुख्यमन्त्री सतिश कुमार सिंहले असोज २८ गते राजीनामा दिएपछि असोज २९ गते नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोनल पाँच दलको ५६ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

# बाँझो जमिनमा माछापालन गरौँ, युवा पलायन रोकौँ

थाइल्याण्डस्थित एसियन इन्स्टिच्युट अफ टेक्रोलोजीमा मत्स्य विषयका रिसर्च एसोसिएट प्रोफेसर तथा एक्वा सेन्टरका डाइरेक्टर डा रामचन्द्र भुजेलले नवीनतम प्रविधिको प्रयोग गरी माछा उत्पादन व्यवसाय सञ्चालन गरिए प्रोटिन युक्त खाद्य सुरक्षामा सहयोग पुर्याउनुका साथै युवा पङ्क्तिलाई ठूलो संख्यामा रोजगारी दिलाउन सकिने बताएका छन् ।

मत्स्य अध्ययन र अनुसन्धानका क्षेत्रमा विश्वमै ख्याति कमाएको इन्स्टिच्युटमा तीन दशकदेखि माछासम्बन्धी कार्यक्रममा उच्च शिक्षा अध्यापनका साथै अनुसन्धान र तालिम प्रदान गर्दै आएका डा भुजेलले छोटो समयमा धेरै आर्थिक लाभप्राप्त गर्न सकिने माछाका जात र प्रविधि नेपालमा भित्र्याउन आफूहरूले विभिन्न पहल गर्दै आएका छन् ।

डा भुजेल भन्छन्, 'अहिले माछा उत्पादन र उपभोगका हिसाबले नेपाल पछाडि भए पनि सम्भावना भने धेरै छ । माछा आफैँमा स्वास्थ्यवद्र्धक र पोसिलो खाना हो । नेपालका बाँझो जमिन माछापालन र युवा रोजगारका लागि उर्वरभूमि बन्न सक्छ । थाइल्याण्डबाट प्रतिफल लिनसकिने जातका माछा ल्याई यहाँ उत्पादनको पहल भइरहेको छ । पछिल्लो समय नेपालमा माछा पाल्नुपर्छ र खानुपर्छ भन्ने सोच पनि बढेको छ ।' प्रोफेसर भुजेलसँग नेपालमा माछा व्यवसाय, रोजगारी र खाद्य सुरक्षालगायतका विषयमा केन्द्रित रही राससले लिएको अन्तर्वार्ताको सम्पादित अंशः




**तपाईं अहिले कहाँ, केमा व्यस्त हुनुहुन्छ ?**

माछाबारे अध्ययन, अनुसन्धान र तालिम कार्यक्रमहरूमा व्यस्त छु । हाल थाइल्याण्ड र नेपालसँगै कम्बोडिया, सिङ्गापुर तथा एसिया र अफ्रिकाका अन्य देशहरूमा सोही काम गरिरहेकोछु । थाइल्याण्ड माछाको व्यावसायिक उत्पादनबारे जान्ने, बुझ्ने र अध्ययन गर्ने ठूलो ठाउँ हो । त्यहाँबाट नेपालमा पङ्गास, झिङ्गे र मोती उत्पादन गर्ने जातको माछा पठाएर गहयोग गरिरहेको छु । नेपालमा अहिले ती माछाहरूका साथै टिलापियाको उत्पादन भइरहेको छ । मेरो उच्च शिक्षा र जीवन नै माछासम्बन्धी विज्ञता बढाउने क्षेत्र भएकाले त्यसैमार्फत समुदायलाई सहयोग गर्ने कार्यपत्र प्रस्तुत गर्ने र अनुभव बाढ्ने कार्यमा ५० जति देशमा पुगेको छु ।

**विश्वमा नेपाल माछा खपतका हिसाबले कस्तो देश हो ?**

नेपालमा पानी धेरै छ । यहाँ छ हजारभन्दा बढी नदी नाला छन् । यहाँको ठूलो परिमाणमा पानी त्यतिकै बगेर गइरहेको छ । नेपालका नदी–नाला, ताल–तलाउमा माछा छन् तर व्यावसायिक खेती गर्ने चलन भने कम छ । अहिले नेपालमा करिब एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । जसमा २१ हजार टन जति नदीनालाबाट मारिन्छ । ती माछा गाउँघरतिर नै सकिने हुनाले सहरका लागि करिब १० हजार टन जति भारत र अन्य देशबाट आयात हुन्छ । जसले गर्दा हरेका वर्ष झण्डै रु तीन अर्ब बाहिर जान्छ । हामी माछा उत्पादन र उपभोगका हिसाबले अरुका तुलनामा निकै पछाडि छौँ । तर उत्पादनको सम्भावना भने धेरै छ । माछा आफैँमा स्वास्थ्य र पोसिलो खानेकुरा हो । संसारमा एउटा व्यक्तिले प्रतिवर्ष करिब २० केजी माछा उपभोग गर्छ । नेपालमा भने प्रतिव्यक्ति खपत चार किलोभन्दा कम छ । थाइल्याण्डमा यो झण्डै ४० किलो छ । मलेसिया, जापान र कोरियामा त ६० केजीसम्म पुगेको छ । यसबाट नेपालमा माछा खानेमा चलन अतिकम देखिन्छ । तथापि, गएको पन्ध्र वर्षमा नेपालमा माछा पाल्नुपर्छ र खानुपर्छ भन्ने सोच बढेको छ । माछा उत्पादन बढाउन धेरै प्रयास गरिएको छ । यस विषयमा उच्च शिक्षाको पाठ्यक्रम विकास गरी लागू गर्न सहयोग गरिएको छ । अरु खेतीको तुलनामा माछाका लागि एक पटक पोखरी खनेपछि अलिअली मर्मत गरी बीसौँ वर्षसम्म निरन्तर उत्पादन गर्न सकिन्छ ।

**नेपालमा व्यावसायिक माछा उत्पादन कति सम्भावना छ ?**

मजदुरको अभाव तथा लागतको तुलनामा उत्पादन कम हुन थालेपछि पछिल्लो समय धान, मकै, गहुँको खेती गर्ने किसानको संख्या घटेको छ । जग्गाहरू बाँझो हुन थालेका छन् । त्यो बाँझो जग्गामा पोखरी खन्ने हो भने राम्रो परिमाणमा माछा उत्पादन हुन सक्छ । तराईका चितवन, बारा, रूपन्देहीमा यसको अभ्यास भइरहेको छ । अरु खेती नभई प्रयोगमा नआएका जग्गामा पोखरी खनेर माछा उत्पादन गर्न सकिन्छ । एक हेक्टर जमिनमा धान लगाउँदा चार टन जाति उत्पादन हुन्छ । जबकी नेपालको औषत माछा उत्पादन नै डेढ गुनाबढी अर्थात् छ टन जति छ । अनि माछाको मूल्य धानको भन्दा झण्डै १० गुना बढी छ । त्यही जमिनमा पङ्गास, टिलापियाजस्ता चाँडो बढ्ने माछा नयाँप्रविधिको प्रयोग गरी पाल्ने हो भने २० टनदेखि ४० टनसम्म उत्पादन हुन्छ । उत्पादन र नाफा हेर्ने हो अरु खेतीको तुलनामा माछाबाट धेरै आम्दानी लिन सकिन्छ । धानखेती र माछापालन पनि सँगसँगै गर्न सकिन्छ । त्यस्तै हाँस, कुखुरा, बङ्गुर, गाई, भैँसी अनि बाख्रापालन माछासँगै पोखरीमाथि वा डीलहरूमा गर्न सकिन्छ । माछा उत्पादनलाई व्यावसायिक बनाउन सकेमा रोजगारीका नाममा विदेश जाने युवालाई यही राम्रो अवसर प्रदान गर्न सकिन्छ । शुरुआती दिनमा पोखरी खन्न केही पैसा लाग्छ । तर यसमा सरकारले पनि सहयोग गरिररहेको छ । माछापालनबाट राम्रो लाभ लिन सकिने विषयबारे राम्रो प्रचारप्रसार भएमा विदेश जाने युवाको संख्या पक्कै घट्न सक्छन् । अहिले देशमा युवा जनशक्ति काम नपाएर बरालिएको अवस्था छ । पैसाको ठूलो स्रोत र क्षेत्र भनेको माटो र पानी हो । यसलाई हामीले सही प्रयोग गर्न जान्नुपर्छ । यसमा युवा जनशक्तिलाई प्रेरित गर्नुपर्छ । माछा खेती धेरै नै फाइदाजनक छ ।

**मुलुकको कुन क्षेत्र र जिल्लामा यसको सम्भावना बढी छ ?**

नेपालमा माछाका लागि उपयुक्त हावापानी र सम्भावनाको क्षेत्र पहिलो तराई नै हो । समथर मैदान तथा गर्मी हावा पानीमा माछा चाँडो बढ्छ । त्यसकारण पनि तराईतिर बढी माछा उत्पादन हुन्छ । त्यसपछि चुरे पर्वत आसपासका खोच तथा फाँटमा पनि माछाखेती राम्रो हुन्छ । हामीले रामपुर क्याम्पससँग मिलेर चितवनबाट माछापालको प्रोजेक्ट गरी नवलपरासी र पछि लमजुङ र गोर्खाका केही गाउँमा पनि माछा पालन फैलाएका थियौँ । नेपालका उच्च पहाडी भेग 'माउन्टेन' तिर ट्राउट माछा उत्पादनको राम्रो सम्भावना छ । उदाहरणका लागि कास्की वा पोखरा नजिक र ककनीमा केही ट्राउट फार्म छन् । त्यस क्षेत्रमा पनि अहिलेको भन्दा धेरै गुणा बढी माछा उत्पादन गर्न सकिन्छ । नेपालका ट्राउट सिङ्गापुरतिरबाट पनि माग आएको भन्ने सुनेको छु । तर धेरै उत्पादन भइरहेको छैन । हाम्रै चिसो पानीमा हुने लोक माछा सहर, असला र गर्दी पनि पालन गर्न सके बजारको कुनै समस्या हुँदैन ।

**नेपालमा माछा उत्पादनको पकेट क्षेत्र भनेर कहाँ र कति जिल्लालाई मानिएको छ ?**

चितवन, रूपन्देही, बारा, पर्सा, दाङ, कैलाली, रौतहट, सर्लाही, धनुषा र कास्कीलगायतका जिल्ला माछा उत्पादनका हिसाबले अग्रस्थानमा छन् । सरकारले केही जिल्लालाई सुपर जोन, केहीलाई जोन अनि पकेट एरियाका रूपमा अघि बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमले यसलाई सहयोग गरेको छ । पछिल्लो समय पहाडी क्षेत्रका गाउँमा पनि किसानले अनुदान लिएर पोखरी बनाइ व्यावसायिक रूपमा माछा पालन शुरु गरेका छन् । यहाँको उत्पादन स्थानीय तहमै खपत हुन्छ । नेपाल आफैँमा पनि बजारको राम्रो सम्भावना छ । खेर गइरहेको सानो जग्गामा पनि माछा पालन हुन्छ । माछा उत्पादनका क्षेत्रमा थेरै थरी प्रविधिहरू छन, तिनलाई भित्र्याउनु छ । थोरै लागतमा धेरै उत्पादन गर्ने प्रविधिको प्रयोग गरेर व्यावसायिक माछापालनमा लाग्नु बुद्धिमानी हुन्छ । हावापानीका हिसाबले काठमाडौँ वरिपरि पनि माछा उत्पादनको निकै सम्भावना छ । तरकारीजस्तै प्लाष्टिक टनेल बनाई पानी तातो पारी तरकारीसँगै माछाखेती गर्न सकिन्छ । तातो हावापानी र तामक्रमअनुसार माछाको उत्पादन निर्भर रहन्छ ।

**नेपालमा कति प्रजातिका माछा पाइन्छ ?**

माछा भनेको पानीमा हुने जीवजन्तु हो । नेपालमा करिब १३२ प्रजातिका माछा पाइन्छ भनिन्छ । तीमध्ये खेती गर्ने थोरै हुन्छन् । माछाको व्यावसायिक उत्पादनमा संलग्न हुनुअघि कुन माछाले कति उत्पादन दिन्छ । उसको आहारा के हो, के रोग लाग्न सक्छ, त्यसबाट कसरी सुरक्षित तुल्याउने भन्ने आधारभूत ज्ञान किसानलाई हुनुपर्छ । जग्गाको क्षेत्रफल र हावापानीअनुरूप थोरै क्षेत्रफलमा धेरै माछा उत्पादन गरी आम्दानी लिन सकिन्छ । नेपालमा चिसोपानी भएका सुनकोशी, अरुण, लिखु, तमोर, तामाकोशी, कमला, मरिण, बागमती, त्रिशूली, नारायणी, कर्णाली, बबई, भेरी, सेती महाकालीजस्ता नदी नालामा असला, सहर र गर्दीजातका माछा पाइन्छ, जुन धेरै मानिसका जिब्रोमा स्वाद झुन्डिएको हुन्छ । यी माछाहरू ढिलो बढ्छन्, कसरी प्रजनन र उत्पादन हुन्छ भनेर थाहा हुनुपर्छ । माछाखेतीलाई लामो समय लाग्यो भने खर्चिलो हुन्छ । त्यसैले चाँडो बढ्ने माछा चाहिन्छ । नेपालमा कमन, विगहेड, ग्रास, सिल्भर, रहु, नैनी, भाकुर, टिलापिया, पङ्गासजस्ता माछाको व्यावसायिक उत्पादन गरिँदै आएको छ, जुन छिटो बढ्छन् र किसानलाई फाइदा दिन्छ ।

अहिले हामीले केही क्षेत्रमा व्यावसायिक माछाखेती गरिए पनि त्यसको उत्पादन र उत्प कम छ । आधुनिक प्रविधिको प्रयोग गरी हालको उत्पादनमा तीन गुणा बढाउन सकिन्छ, अनि बल्ल युवाहरू यस क्षेत्रमा आकर्षित हुन सक्छन् । स्वदेशमै बस्न चाहने युवालाई माछा व्यवसायले रोजगारी र आम्दानीका हिसाबले राम्रो विकल्प दिनसक्नुपर्छ ।

**आत्मनिर्भरका हिसाबले नेपालमा माछाको माग कति हो र अहिले अवस्था के छ ?**

नेपालीले औषतमा चार किलोभन्दा कम वार्षिक प्रतिव्यक्ति माछा खाइरहेका छौँ । संसारको औषतसम्म पुर्याउन हामीले पाँच गुणा बढाउनुपर्छ । माछा पाल्ने क्षेत्र बढाउन बाँझो जमिनमा पोखरी खन्न पर्यो । उत्पादकत्व बढाउन कार्प माछामा नयाँ नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । चाँडो बढ्ने जातहरू जस्तो टिलापिया र पङ्गासको खेती गर्नुपर्छ । माछामा प्रोटिन, भिटामिन र अन्य पौष्टिक तत्वहरू प्रशस्त पाइन्छ । हप्तामा कम्तीमा दुई तीन पटक माछा खाएपछि स्वस्थ्य होइन्छ । सरकारी तथ्याङ्कअनुसार नेपालमा बर्सेनि जम्माजम्मी एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । करिब १० हजार टन खास गरी पङ्गास र रहु भारतबाट आयात हुन्छ । केही माछा नर्बे, भियतनाम र अरु देशबाट पनि आयत गरिन्छन् । संसारभर करिव ६०० जातका व्यावसायिक माछाका जात पाइन्छ । जमिनमा हुने कीरा फट्याङ्ग्राभन्दा पानीमा हुने माछा लगायतका जीवजन्तु धेरै हुन्छन । तराईका केही जिल्लाबाट माछा भारतमा पनि निर्यात हुन्छ किनभने उत्तरप्रदेश र विहारमा तेती माछाखेती छैन । त्यसकारण तराई क्षेत्रमा प्रशस्त माछा उत्पादन गर्नसके भारत निकासी गरेर किसानले मनग्य आम्दानी गर्न सक्छन् ।

**जलवायु परिवर्तनबाट नेपालको माछा उत्पादनमा कस्तो असर पारेको छ ?**

जलवायु परिवर्तनको असरजस्तै खडेरीले खोलानाला र तलाउ सुक्यो, पानी कम भयो भने पक्कै पनि असर पर्छ । माछाको लागि बनाएको पोखरीबाट जलवायु परिवर्तनको असर कम गर्नमा मद्दत मिल्छ । पोखरीको वरपर बाख्रा, कुखुरा, सुँगुर, बङ्गुर, हाँस, खुकुरा पालन तथा केराखेती, फलफूल, तरकारी र धान उब्जनी गरेर दोहोरो लाभ लिन सकिन्छ । माछामा खासगरी ब्याक्टेरिया र भाइरस तथा प्यारासाइट वा जुम्राजस्ता रोग लाग्छ जसले गर्दा माछा मर्न सक्छ । पोखरीमा धेरै माछा हालियो तर पानी कम भयो भने अक्सिजनको अभाव भएमा पनि माछा मर्न सक्छन् । माछाको खेती बढाउन सबै समुदायको भूमिका रहन्छ । बर्सातको खहरेका पानी रोकेर राखेर पोखरी बनाउन सकिएमा माछा पालनमा सहयोग पुग्छ । हाम्रा कोशी, कर्णाली, गण्डकीजस्ता सबै नदीमा माछा छन् । विद्युत्का लागि बाँध पूरै क्षेत्रमा बनाइएमा माछा खेल्ने र ओहोरदोहोर गर्ने बाटो बन्द हुनसक्छ । नदी नालाको कुनै माछा चिसो पानीमा बस्छन अनि अण्डा पार्ने बेलामा समुद्रतर्फ जान्छन् । कोही समुद्रबाट फूल पार्न चिसो पानीमा आउँछन् । त्यस्तो ओहोरदोहोरो हुन्छ । विद्युत् उत्पादनका लागि बनाइएका बाँधहरूले गर्दा त्यो रोकियो र अण्डानै पार्न नपाएपछि माछा स्वतह घट्छ नै । नदीमा माछा घट्ने यो एउटा मुख्य कारण हो ।

**माछापालनमा सफल अभ्यास र समुदाय कुन हुन् ? नेपालमा माछापालनमा देखिएको चुनौती के हो ?**

नेपालमा माछासँग अलि बढी जोडिएको समुदाय भनेको माझी, कुमाल, जलारी, बोटे, थारु आदि हुन् । उनीहरूको पाहुना आउँदा अनिवार्य माछा खुवाउनुपर्ने चलन छ । नेवारको पनि विभिन्न चाडबाडमा माछाको प्रयोग गरेको देखिन्छ । नेपालमा माछाको अध्ययन अझै जरुरी छ । नदीमा विष हालेर तथा विद्युतीय तारको प्रयोग गरेर माछा मारिँदा कतिपय नेपाली पहिचानको रूपमा रहेका महत्त्वपूर्ण माछाका प्रजाति नष्ट हुन्छ । नेपालका नदीमा कति माछा छ भन्ने यकिन तथ्याङ्क र पहिचानको चुनौती छ । नेपालमा नयाँ प्रजाति पत्ता लगाउने कार्य कीर्तिपुरको जियोलोजी विभागले गरेको छ । त्यस्तै माछा खेतीसम्बन्धी पढाइ, अनुन्धान र प्रसारप्रसार भने रामपुर क्याम्पस, नार्क र पशुपन्छी मन्त्रालय अन्तर्गतका कार्यालयबाट हुन्छ । बेरोजगार घटाउने, स्वास्थ्यमा फाइदा पुर्याउने र आर्यआर्जन बढाउने हेतुले माछापालन कार्यक्रम अघि बढाइएको छ ।

**नेपालमा जलीय कृषिको कसरी विस्तार भएको छ ?**

शुरुमा १९८०–८१ मा नेपालले एसियाली विकास बैंकसँग ऋण लिएर माछापालनको व्यावसायिक उत्पादन कार्य शुरु गरिएको हो । 'केज कल्चर' भनेर पोखराको फेवा र बेगनास ताल तथा इन्द्रसरोवरमा शुरु गरियो । रूपन्देही, बारा, पर्सा चितवनको माडी क्षेत्रमा माछापालन गर्ने व्यावसायिक समूह छन् । नीति निर्माण काठमाडौँबाट हुने कार्यक्षेत्र भने तराई हुँदा पनि केही समस्या भएको छ । माछापालनका सफल उदाहरण प्रस्तुत गरी यसको विकासमा सामाजिक सञ्जालले पनि प्रोत्साहन गरेको छ ।

**थाइल्याण्डको माछापालनमा सरकारी सहयोगको तुलनामा नेपालमा कस्तो छ ?**

त्यहाँका किसान आफैँ आत्मनिर्भर छन् । उपयुक्त हावापानी छ । नेपालमा भने सरकारले यसलाई प्रोत्साहन गरेर जानुपर्छ । यहाँको हिमाली तथा पहाडी क्षेत्रमा जाडो याममा चिसोले माछा मर्न सक्छ । तथापि नेपालका चिसो पानीका माछा मिठो हुन्छ । भारतभन्दा धेरै सानो मुलुक भए पनि थाइल्याण्डले वार्षिक आठ अर्ब डलर भारतकै बराबर कमाउँछ । समग्र कृषिमा अगाडि छ । नेपालमा पर्याप्त माछा उत्पादन गर्ने हो भने भारतका उत्तर प्रदेश र विहार निकासी हुन्छ ।

**सीमापार नदी प्रणालीअन्तर्गत नेपाल–भारत माछाको ओहोर–दोहोर हुन्छ ?**

चीनसँग धेरै नदी जोडिएको छैन । नदी प्रवाह खुल्ला रहने भएकाले भारतको गङ्गामा मिसिने हुनाले आउने र जाने सन्दर्भ चल्छ । त्यो हिसाबले नेपालका माछा भारत र भारतबाट नेपाल आउँछन् । त्यसले फाइदा पनि गर्छ र स्थानीय जात लोप हुन पनि सक्छ । माछा लोप भएर जाने विभिन्न कारण छ । बालीनालीमा प्रयोग हुने विषादी बगेर नदीमा जाने भएकाले असर गर्छ । खोला र नदीमा रहेका माछाको संरक्षणका लागि ठूलो कार्यक्रम बन्नुपर्छ । कुनै माछा लोप हुँदैछ भने भुरा उत्पादन गरेर नदीमा छाड्ने चलन छ तर यो त्यति भएको छैन ।

**खाद्य सुरक्षामा माछाको योगदान केकस्तो छ ?**

माछा मानिसको शरीरका लागि स्वास्थ्यकर तथा पोषणयुक्त खाना हो । यो सजिलैसँग पच्छ अनि सबै उमेर समूहलाई राम्रो गर्छ । अन्य मासुको तुलनामा चिकित्सकले पनि माछा खान सिफारिस गर्छन् । मानिसको शरीरलाई चाहिने धेरै पौष्टिकतत्व माछाबाट प्राप्त गर्न सकिन्छ । कति मानिसले नबुझेर माछा खाइरहेको छैन । काँडाको भय पनि उस्तै छ । खसीको मासु महँगो छ, कतिपय ठाउँमा खसीको मासु एक किलो किन्ने पैसाले माछा चार किलोसम्म आउँछ । खाद्य सुरक्षामा धेरै ठूलो माछाको योगदान छ । मानिस धान उत्पादनलाई जोड दिन्छ, तर त्यही खेतमा माछा उत्पादन गर्यो भने धेरै आम्दानी हुन्छ । अहिले मुलुकमा रहेको बाँझो जमिनमा माछा खेती गरिए युवा पलायन रोक्न र रोजगारी दिलाउन सकिन्छ । नेपालमा भात र आलु धेरै खाने गरिन्छ भने विदेशमा खासगरी थाइल्याण्ड, भियतनाम, जापान र कोरियामा माछालगायतका वस्तु धेरै खाने भात भने थोरै खाने चलन छ ।

**माछाका उपभोक्ता र व्यवसाय गर्ने किसानलाई यहाँको केही सन्देश छ ?**

चिकित्सकले कतिपय अवस्थामा रातो मासु खानु हुन्न भनिरहेको बेला आमनेपालीलाई माछा महत्त्वपूर्ण खुराक बन्न सक्छ । विश्वमै विस्तारै माछाप्रति आकर्षण बढेको छ । बाहिरबाट आयातितभन्दा स्थानीयलाई जोड दिनुपर्छ । माछा व्यवसाय गर्ने युवालाई प्रविधिसम्बन्धी जानकारी र तालिम दिन र बजारको व्यवस्था गर्नुपर्छ । युवाहरूमा इच्छा हुनपर्यो । त्यसका लागि विशेषज्ञसँग परामर्श गर्नुपर्छ । जसबाट धेरै लाभ प्राप्त गर्न सकियोस् । व्यवसाय गर्नुअघि कार्यक्रम र योजना बनाउनुपर्छ । माछा पालनका लागि सरकारले सहयोग र बैंकले सहुलियत कर्जा दिन्छ । किसानले त्यसको उचित सदुपयोग गर्नुपर्छ । माछापालन गरेर कयौँ नेपाली पर्यटकका रूपमा विदेश भ्रमण गएका उदाहरण छन् । विदेशमा काम गरेर फर्ककाले पनि माछा पालन गरेका छन् र योप्रति आकर्षण छ । त्यसैले पछिल्लो समय माछा व्यवसाय नेपालमा फस्टाउँदो छ । रासस

# ११ वटा सीमानाका ७२ घण्टाका लागि सिल

**महोत्तरी ।**
भारतको विहार राज्यमा आगामी मङ्गलबार हुन लागेको विधानसभा निर्वाचनलाई लक्षित गरी महोत्तरी जिल्लासँग जोडिएका ११ वटा सीमानाका शनिबारदेखि ७२ घण्टाका लागि बन्द गरिने भएको छ ।

भारतको विहार राज्यको विभिन्न विधानसभाको सिटमा यही कात्तिक २५ गते हुन लागेको दोस्रो चरणको निर्वाचनलाई लक्षित गरी शनिबार साँझ ६ बजेदेखि कात्तिक २५ गते साँझ ६ बजेसम्मका लागि महोत्तरीसँग जोडिएका सबै सीमानाका बन्द गरिनुका साथै उच्च सतर्कता अपनाइने महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सूचना जारी गर्दै शान्ति सूरक्षा व्यवस्थापनका लागि नेपाल–भारत सीमानाकामा मानवीय आकस्मिक सेवाबाहेकका आवागमन पूर्ण रुपमा बन्द गरिने भएको जानकारी दिएको छ ।

**पर्सामा पनि नाका बन्द**

भारतको बिहार राज्यमा हुने विधान सभा निर्वाचनलाई मध्यनजर गर्दै शनिबारदेखि पर्सा जिल्लास्थित नेपाल–भारतका सबै नाका बन्द भएका छन् । जिल्ला प्रशासन कार्यालय पर्साले जारी गरेको सूचनाअनुसार कार्तिक २२ गते देखि कार्तिक २५ गते साँझ ६ बजेसम्म सबै प्रकारको आवागमन रोक लगाइएको हो । नेपाल–भारत सीमावर्ती जिल्ला समन्वय बैठकमा भएको निर्णयअनुसार सो अवधिभर भारततर्फ र भारतबाट नेपालतर्फ हुने आवतजावतमा पूर्ण प्रतिबन्ध लगाइने उल्लेख गरिएको छ । यो अवधिमा अत्यावश्यक सेवा र इमरजेन्सी आवागमनका सवारी साधन भने प्रशासनको अनुमति लिएर मात्र सञ्चालन गर्न सकिने जनाइएको छ । बिहारमा नोभेम्बर ११ मा हुने विधान सभा निर्वाचनका कारण सीमावर्ती क्षेत्रका सुरक्षाकर्मीहरू उच्च सतर्कतामा रहेका छन् । जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सो जानकारी सबै सरोकारवालामा पठाइएको प्रशासनले जनाएको छ ।

**सप्तरीका भारतसँग जोडिएका नाका बन्द**

भारतको विहार राज्यमा हुने विधान सभा आमनिर्वाचनलाई मध्यनजर गरी सप्तरीको सीमावर्ती नाका आइतबार रातिदेखि बन्द गरिने भएको छ । सप्तरीका प्रमुख जिल्ला अधिकारी टुबराज पोखरेलले सार्वजनिक गरेको सूचनामा भारतको विहार राज्यमा हुने विधान सभा निर्वाचनका कारण सप्तरीसँग जोडिएका सीमानाका तीन दिनसम्म बन्द गरिने निर्णय गरिएको हो ।

पोखरेलका अनुसार यही कात्तिक २३ गते राति १२ बजेदेखि कात्तिक २५ गते राति १२ बजेसम्मका लागि सीमानाका बन्द गरिने छ । यस अवधिमा भारतको विहार राज्यअन्तर्गत मधुवनी र सुपौल जिल्लासँग जोडिएका सप्तरीका सबै नाकाबाट आवतजावत निषेध गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# महिला साइकल रेस र पुरुष म्याराथन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
लहावरथकरी मुल्म तथा सीमा सहजीकरण समिति पकहाँ मैनपुरको आयोजनामा शनिबार पकहाँ मैनपुर गाउँपालिका–४ लहावरथकरीमा महिला साइकल रेस र पुरुष म्याराथन प्रतियोगिता भएको छ ।



सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म लहावरथकरीको खेलकुद कार्यक्रम–२०८२ अन्तर्गत आयोजित प्रतियोगिता पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले उद्घाटन गरेका थिए ।

महिला साइकल रेसमा रमचरित्र भगत मावि पकहाँ मैनपुरकी गीता कुमारी साहनी प्रथम, गोल्डेन लाइफ कोचिङ सेन्टर सबैठवाकी अस्मिता चौरसिया द्वितीय र जह्वाराना खातुन तृतीय भएकी छन् ।

त्यसैगरी, पुरुष म्याराथनमा गोल्डेनलाइफकै आदित्य कुशवाहा प्रथम, रवि साह द्वितीय र आकाश राम तृतीय भए ।

विजेतालाई प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी दाहालले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रम पकहाँ मैनपुर गाउँपालिका–४ का वडाध्यक्ष एवम् सीमा सहजीकरण समितिका संयोजक ढेडी यादवको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी सुदिपराज पाठक, सशस्त्र प्रहरी बल नेपाल नं.१३ गणका गणपति एपसी पुरण चन्द्र भट्ट, डिएसपी लोकनाथ उप्रेती, वडाध्यक्ष सञ्जय चौहान, बलिराम चौरसिया, इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख इन्स्पेक्टर प्रदीप पौडेल लगायतको उपस्थिति थियो।

कार्यक्रमको सहजीकरण पत्रकार छठू साहले गरेका थिए । सीमाका स्थानीयसँग समन्वय, सहकार्य, जिम्मेवारी र मित्रवत व्यवहार प्रवद्र्धन गर्ने उद्देश्यले कार्यक्रम गरिएको सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म लहावरथकरीका डिएसपी एलेन उप्रेतीले बताए ।

# नौ करोडको लागतमा अत्याधुनिक 'कार्निभल सिनेम्याक्स'

**सिरहा ।**
लहान नगरपालिका–३ स्थित हस्पिटलचोक नजिकै नौ करोड रुपैयाँ लगानीमा सुविधासम्पन्न र अत्याधुनिक प्रविधियुक्त 'कार्निभल सिनेम्याक्स' सिनेमा हल सञ्चालनमा आएको छ ।

स्थानीय मुरारका परिवारको लगानीमा निर्माण भएको यो सिनेमा हललाई सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शुक्रबार साँझ एक समारोहबीच उद्घाटन गरे । कार्निभल सिनेम्याक्सका अध्यक्ष अभिनव मुरारकाले यो सिनेमा हल पूर्वाञ्चल क्षेत्रकै पहिलो एडभान्स प्रविधिमा बनेको दाबी गरे । उनका अनुसार, नवनिर्मित सिनेमा हलको क्षमता १ सय ३८ सिट रहेको छ ।

अध्यक्ष मुरारकाले यो हललाई मनोरञ्जनको साधन मात्र नभई पर्यटकका लागि नयाँ गन्तव्यको रूपमा प्रस्तुत गरे । 'यो एउटा सिनेमा हलमात्रै होइन, लहानमा पर्यटन प्रवद्र्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने आकर्षक गन्तव्य पनि हो,' उनले भने, 'समयको माग र दर्शकको चाहनालाई सम्बोधन गर्दै अत्याधुनिक प्रविधिबाट मनोरञ्जन दिन खोजिएको हो ।'

उनका अनुसार, यस हलमा एडभान्स साउन्ड सिस्टम र 'प्रोजेक्टर' जस्ता उच्च प्रविधियुक्त सुविधा उपलब्ध छन् ।

दर्शकहरूका लागि टिकटको मूल्य ३ सय रुपैयाँदेखि ९ सय रुपैयाँसम्म निर्धारण गरिएको छ, र मनोरञ्जनका लागि हलमा दैनिक चार 'सो' सञ्चालन गरिनेछ ।

मधेश प्रदेशमा वीरगंजबाहेक अन्यत्र सुविधासम्पन्न हल नभएको अवस्थामा लहानमा खुलेको यो हलले सिरहा, सप्तरी र उदयपुर आसपासका बासिन्दालाई लक्षित गरेको छ । यसअघि स्तरीय सिनेमा हल नहुँदा यी क्षेत्रका दर्शक फिल्म हेर्न वीरगंज वा विराटनगरसम्म पुग्नुपर्ने बाध्यता थियो ।

यसका साथै, भारतीय सीमा क्षेत्र नजिक रहेकाले सीमावर्ती जिल्लाका लाखौँ भारतीय नागरिकलाई पनि आकर्षित गर्ने निर्माण पक्षले अपेक्षा गरेको छ । नयाँ सिनेमा हल सञ्चालनमा आउँदा स्थानीय, उद्योगी, व्यवसायी र जनप्रतिनिधिहरू उत्साहित भएका छन् ।

उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष विकास सारडाले खुसी व्यक्त गर्दै भने, 'मोफसलमा 'गतिलो हल छैन' भन्ने सिरहावासीको गुनासोको अन्त्य भएको छ । यसलाई गौरवको रूपमा लिनुपर्छ, यसले लहानको पर्यटन तथा आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिनेछ ।'

लहान नगरपालिका–७ का वडाध्यक्ष राम औतार शर्माले कार्निभल सिनेम्याक्सजस्ता उद्योगमा भएको लगानीले देशलाई समृद्धिको दिशातिर अग्रसर गराउने बताउँदै नेपाललगायत भारतबाट आउने दर्शकले लहान बजारलाई चलायमान बनाउने विश्वास व्यक्त गरे ।

# 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रमको समीक्षा

**मधेशदृष्टि**
**वीरगंज।**
संयुक्त राष्ट्रसंघका चार संस्थाको आर्थिक सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ काठमाडौँले मधेश प्रदेशसँगको सहकार्यमा सञ्चालित 'सशक्त महिला समृद्ध नेपाल' कार्यक्रमको वीरगंजका स्थानीय सरोकारवालासँग पुनरावलोकनका साथै उद्योगमा परीक्षण स्याहार केन्द्र उद्घाटन भएको छ । नेपाल सेरामिकअन्तर्गत नेपोभिट टायल्समा स्याहार केन्द्रको महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी र नेपोभिटका अध्यक्ष–प्रोप्राइटर शम्भुनाथ झाले संयुक्त रूपमा 'नेपोभिट स्याहार केन्द्र' उद्घाटन गरे । अध्यक्ष टेमानीले स्याहार केन्द्र स्थापनाका लागि नेपोभिटलाई धन्यवाद दिँदै आफू जापान पढ्दा जापानका उद्योगदेखि रेल्वे स्टेसनमा यस्ता स्याहार केन्द्र स्थापना गरेको देखेको र उनीहरुले उहिल्यै शुरु गरेको व्यवस्था बल्ल अपनाउँदै गरेको बताए । झाले नेपोभिटले यो कार्यलाई उदाहरणीय कार्यको थालनी भएको र यसको निरन्तर प्रवद्र्धन उद्योग लाग्ने बताए।



अध्यक्ष टेमानीकै अध्यक्षतामा अर्को समीक्षा बैठक पनि भएको छ । मधेशमा भएका कार्यक्रमको मूल्यांकन र भावी रणनीति तथा साझेदारीका विषयमा छलफल भएको हो । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले यस्ता कार्यक्रम अझ व्यापक बनाउनुपर्ने बताउँदै संघको हेल्पडेस्कलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे।

# निर्वाचनको माहौल बनाउन युवाहरू सक्रिय



**वीरगंज ।**
पर्सा, बारालगायतका तराई मधेशका जिल्लामा विभिन्न दल आबद्ध युवा आगामी फागुन २१ गते हुने निर्वाचनमा आफ्नो पक्षमा माहोल बनाउन सक्रियतापूर्वक लागिरहेका छन् । लोकतन्त्रलाई सही मार्गमा ल्याउन र जेन्जी आन्दोलनमा उठेका मागहरू सम्बोधनका लागि पनि निर्वाचनको विकल्प नरहेको युवा नेताहरू प्रष्ट धारणा सार्वजनिक गरिरहेका छन् । हालै वीरगंजमा गठित जेन्जी युवाको महानगर कमिटीका अध्यक्ष मुराद आलमले चुनावको माहोल बनाउन वीरगंजका टोल टोलमा पुगेर आफूहरूले अनौपचारिक अभियान शुरु गरिसकेको बताए ।

जेन्जी आन्दोलनका शहीद असाहब आलमका दाइ मुराद आलमलाई जेन्जी युवाहरूको बृहत् भेलाले निर्विरोध रुपमा अध्यक्षमा चयन गरेसँगै उनकै नेतृत्वमा अहिले युवाहरू निर्वाचनको माहौल बनाउने अभियानमा जुटेका छन् ।

त्यसैगरी नेकपा एमालेले समेत युवाहरूलाई राजनीतिमा सक्रिय हुनको लागि मधेशमा विशेष अभियान अगाडि बढाएको छ । एमालेको वीरगंजमा कार्तिक २५ गते बृहत् युवा भेला हुन लागेको छ ।

फागुन २१ गतेको निर्वाचनमा मतदाता नामावलीमा धेरैको नाम छुटेको छ । त्यसमा दलित समुदायका अधिकांश मतदाताहरू वञ्चित छन् । मतदाता नामावलीमा नाम समावेश गर्न पर्साको वीरगंज जानुपर्ने बाध्यतालाई हटाउन स्थानीय वा क्षेत्रीय रुपमा मतदाता नामावली सङ्कलन केन्द्र स्थापना गरिनु पर्ने माग युवाहरूको छ ।

चुनाव लक्षित कार्यक्रममा आफूहरू होमिइसकेको जनमत पार्टी पर्साका इन्चार्ज एवम् युवा नेता ओम प्रकाश सर्राफले बताए । उनका अनुसार चुनावको विकल्प हामीले देखेका छैनौँ । चुनावको माहोल मधेश प्रदेशमा सकारात्मक रुपमा अघि बढाउन हाम्रो पार्टीले युवाहरूलाई परिचालित गरिसकेको छ ।

नेकपा एमालेका मधेश प्रदेश कमिटीका सचिव एवम् युवा नेता मनोज पौडेलले नेकपा एमाले अहिले पार्टीको महाधिवेशनको मुखमा रहेकाले यसको तयारीमा आफूहरू जुटेको बताए । उनले महाधिवेशनको तयारी र निर्वाचनको तयारी पनि सँगसँगै भइरहेको र एमाले निर्वाचनबाट भाग्न पार्टी नभएको दाबी गरे ।

नेपाली कांग्रेस पर्साका युवा नेता एवम् क्षेत्र नम्बर १ का सभापति अरबिन्द गुप्ताले नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी रहेकोले निर्वाचनबाट भाग्ने कुरा कल्पना पनि गर्न सकिँदैन भने । उनले काँग्रेस आन्तरिक रुपमा निर्वाचनको तयारीमा जुटिसकेको प्रष्ट्याए । भर्खरै एकता गरेका र दस वटा कम्युनिष्ट मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टी निर्वाचनको पक्षमा वातावरण बनाउन देशभरि नै नेता कार्यकर्ता परिचालन गरेकोले मधेश प्रदेशमा चुनावी माहौल बनाउन मतदाता नामावली र परिवर्तित अवस्थामा जेन्जी आन्दोलनबाट उठेका मागहरू राख्न चुनावमा होमिसकेको मधेश प्रदेशका पूर्व उद्योग,पर्यटन तथा बन राज्यमन्त्री रहबर अन्सारीले बताए । यता जेन्जी समूहका युवाहरू निर्वाचनको माहोल बनाउन र जेन्जी आन्दोलनको उपलब्धि हासिल गर्न पर्साका १४ वटै पालिकामा सक्रियता बढाएको जेन्जी युवा कमिटीका सल्लाहकार सुधिर पटेलले बताए ।

# देउसीभैलोको रकम आश्रमलाई

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको रानीघाटस्थित वीरगंज पब्लिक इंग्लिश माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का छात्रछात्राले तिहारको अवसरमा देउसी–भैली कार्यक्रममार्फत संकलन गरेको रकम मानव सेवा आश्रम, वीरगंजमा सहयोग गरेका छन् । विद्यार्थीले संकलित रकमबाट जिन्सी तथा खाद्यान्न सामग्री खरिद गरी आश्रमका अभिभावकलाई सहयोग गरेका हुन् । साथै, उनीहरूले आश्रम परिसरमा सरसफाइ कार्यक्रम समेत सञ्चालन गरेका थिए ।

कार्यक्रममा विद्यालयका शैक्षिक निर्देशक दीपक पटेल, एचआर निर्देशक सन्दीप कुशवाहा, शिक्षक–शिक्षिका विशेष दुवेदी, रवि यादव, रेशमा पटेल र कृति चौधरीको उपस्थितिमा विद्यार्थीहरूले आश्रमका बुबाआमासँग समय बिताउँदै सेवा प्रदान गरेका थिए । यस कार्यले विद्यार्थीमा समाजसेवा र मानवीय संवेदनाको भावना जागृत गर्न मदत गर्ने विद्यालयका शैक्षिक निर्देशक पटेलले बताए ।

# तीन महिनामा दुई खर्ब १८ अर्बको सामान आयात

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा दुई खर्ब १८ अर्ब १० करोड रुपैयाँ मूल्य पर्ने सामान आयात भएका छन् ।

गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात १९ प्रतिशत वृद्धि अर्थात् ३४ अर्ब २३ करोड रुपैयाँ बढीका सामान आयात भएको छ । वीरगंज भन्सार कार्यालयका अनुसार गत आवको तीन महिनाको अवधिमा भने एक खर्ब ८३ अर्ब ८७ करोड रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगंज नाका हुँदै चालु आवको तीन महिनामा आयात ह्वात्तै बढेको जानकारी दिए ।

वीरगंज नाका हुँदै तीन महिनामा ३८ अर्ब नौ करोड रुपैयाँ मूल्य पर्ने पेट्रोलियम पदार्थ आयात भएको छ । १९ अर्ब ८४ करोड रुपैयाँ मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । सोही अवधिमा १५ अर्ब ५७ करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । १४ अर्ब ८० करोड रुपैयाँ मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ । त्यस्तै १२ अर्ब ८१ करोड रुपैयाँ मूल्य पर्ने मलखाद आयात भएको छ । १२ अर्ब १६ करोड रुपैयाँ मूल्य पर्ने सबै प्रकारका कपडा आयात भएको छ । १२ अर्ब छ करोड रुपैयाँ मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तीनका पार्टपुजा आयात भएका छन् ।

सोही अवधिमा १० अर्ब १२ करोड रुपैयाँ मूल्य पर्ने यातायातका साधन र तिनका पार्टपुर्जा आयात भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

सम्पादकीय

# मुख्यमन्त्रीको राजीनामा र मधेशको राजनीति

शनिबार मध्यान्हसम्म बहुमतमा रहेका मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिनु पर्ने अवस्था बनेको छ। शनिबार दिउँसो १ बजे बोलाइएको प्रदेश सभा बैठकमा मुख्यमन्त्री सोनलका लागि स्थिति अनुकुल बनेपछि उनले राजीनामा घोषणा गरेका हुन्। शनिबार बसेको मधेश प्रदेशसभाको बैठकमा मुख्यमन्त्री सोनलले राजीनामा घोषणा गर्नु परेको छ। यो राजनीतिकमै तीतो अनुभव बनेको छ। जसरी मुख्यमन्त्रीमा बहुमत बनाएर कांग्रेसका नेता कृष्ण यादवले मुख्यमन्त्री पाएनन्, अहिले मुख्यमन्त्री बनेका जितेन्द्र सोनल पनि १ महिनामै सत्ताबाट बाहिरिनु परेको छ। सोनल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता हुन्।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम उनी असोज २९ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए। उनले असोज ३० गते पद तथा गोपनीयताको शपथ लिएका थिए। ६ दलको समर्थन र ५७ प्रदेश सांसदको हस्ताक्षरसहित उनले प्रदेश प्रमुख कार्यालयमा मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेश गरेका थिए। तर शनिबार प्रदेशसभा बैठकमा विश्वासको मत लिन लाग्दा सांसदहरूबीच विवाद उत्पन्न भएपछि उनले राजीनामा दिएको घोषणा गरे। त्यसपछि सभामुख रामचन्द्र मण्डलले मधेश प्रदेशसभाको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भएको घोषणा गरेका छन्। यसरी मुख्यमन्त्रीबाट सोनलले एक महिनामै बहिर्गमन हुनु परेको छ।

रमाइलो त प्रदेशसभा बैठकमा मुख्यमन्त्री सोनलले विश्वासको मत दिन आग्रह गरेपछि विभिन्न दलका सांसदहरूले आफ्नो धारणा राखेका थिए। त्यसक्रममा नेकपा माओवादी केन्द्रबाट निर्वाचित सांसद रहबर अन्सारीले आफ्नै अनुहारमा कालो मोसो दले। रोस्टमबाट बोल्दै उनले मधेश प्रदेशसभामा रहेका सम्पूर्ण सांसदहरूलाई अपराधीको संज्ञा दिए। उनले आठ वर्ष भइसक्दा पनि मधेश प्रदेशका ६४ लाख जनताको अवस्था कस्तो छ भनेर प्रश्न गरेका थिए।

सांसद अन्सारीले सरकारमा भएका बेथितिहरूका बारेमा प्रदेशसभा लगायत आफ्नै पार्टीलाई पनि अवगत गराउँदा कतै कुनै सुनुवाइ नभएको आरोप लगाए। उनले आफ्नो पार्टीले अब जे गरे पनि आफूले कसैलाई विश्वासको मत नदिने बताए। यस्तै यस्तै स्थिति देखिएपछि मुख्यमन्त्रीले बहुमतको अंकगणित हुँदाहुँदै पनि राजीनामा घोषणा गर्नु परेको छ।

# कार्यपालिका–न्यायपालिका द्वन्द्वको संकेत



सुजित महत

*यो सरकारलाई '२०८४ सालमा हुनुपर्ने चुनाव २०८२ सालमै सम्पन्न गर्न बनाइएको' भनिन्छ भने, जेन्जी आन्दोलनलाई 'डिसमिस' गरिनु हो। कलिला युवाहरूको रगतको अवमूल्यन हो।*

राजदूत फिर्ता गर्ने सरकारको निर्णयउपर सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाइदिएसँगै कार्यपालिका–न्यायपालिका द्वन्द्वको संकेत देखिएको छ। ११ देशका राजदूत फिर्ता बोलाउने असोज ३० गतेको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले कात्तिक १६ गते अन्तरिम आदेश दिएको थियो। तर सरकारले सर्वोच्चको आदेश अवज्ञा हुने संकेत दिइसकेको छ।

अन्तरिम आदेश जारी भएको भोलिपल्टै सरकारले पूर्व निर्णयअनुसार पठाइएको टिकटमै यात्रा गरी कात्तिक २० गते परराष्ट्र मन्त्रालयमा हाजिर भएर कामकाज गर्न अर्को परिपत्र गरेको छ। तदनुरूप नै राजदूतहरू फिर्ता हुन थालिसकेका छन्। जस्तै, बेलायतका राजदूत चन्द्र घिमिरेले 'गुडबाई युके' लेख्दै फेसबुकमा बुधबार फोटो पोस्ट गरेका थिए।

राजदूतहरू सरकारको आदेशानुसार परराष्ट्र मन्त्रालयमा हाजिर होलान् नै, सम्भवतः जिम्मेवारी भने पाउने छैनन्। राजदूतहरूमध्ये क–कसले राजीनामा गरी नैतिकताको प्रदर्शन गर्छन्, अन्तरिम आदेशको आडमा आसन्न जाडोमा घाम तापेर बदाम खाँदै तलब बुझ्छन् वा थप मुद्दामामिलामा जान्छन् थाहा पाउन कुर्नै प¥यो।

त्यसो त, राजदूत फिर्ता गर्ने निर्णय भएको अवस्थामा 'निर्णय कार्यान्वयन नगर्नू' भनेर अन्तरिम आदेश जारी गर्ने बेञ्चलाई नेपाल वायुसेवा निगमबाट बर्खास्त भएपछि अदालत पुगेका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई काममा फर्काउनुजस्तै होइन भन्ने थाहा नभएको होइन होला।

सरकारले राजदूत फिर्ता गर्ने निर्णयसहितको पत्र सम्बन्धित देशको विदेश मन्त्रालयमा पठाएपछि राजदूतलाई बिदाइ गर्ने काम हुन्छ। सम्बन्धित देशको प्रणालीमा अभिलेखबद्ध हुन्छ। युवराज अधिकारी त अन्तरिम आदेशको चिर्कटोसहित अफिस पुगेर तत्क्षण बहाली हुनसक्छन्। राजदूतलाई चिर्कटोले पुग्दैन, एउटा प्रक्रियै पूरा गर्नुपर्छ। सरकार त्यो गर्ने मुडमा देखिँदैन।

मन्त्रालयमा हाजिर गरी तलब खान चाहनेहरूको इच्छा पूरा गर्न सरकार तयार भएको अवस्थामा अदालतले आफ्नो अवहेलना ठान्छ कि ठान्दैन अहिले भन्न सकिने अवस्था छैन। फर्किएका राजदूतहरूले अवहेलना मुद्दा हाल्लान् वा नहाल्लान्, मुद्दा हाल्न हमेसा तम्तयार वकिलमा मुलुक आत्मनिर्भर छँदैछ।

'यसअघि परेका मुद्दामा राजदूत फर्काउने निर्णय सरकारको अधिकार क्षेत्रको विषय भएको न्यायालयले मानिसकेको अवस्थामा यसपालि आएको अन्तरिम आदेशलाई सरकारले सामान्यरूपमा लिएको छैन,' एक मन्त्रीले भने, 'अन्यत्र खर्च कटौती गरिरहेको सरकार हाजिर गरेर तलब खान्छु भन्नेहरूका लागि खर्च जुटाउन तयारै छ, अदालतको अवहेलना कसरी हुन्छ र!'

सुशीला कार्की नेतृत्वमा सरकार बनेपछि सर्वोच्चको यस्तै एउटा अन्तरकालीन आदेश छिद्र पहिल्याइ अवज्ञा भइसकेको छ। बीमा प्राधिकरणका बर्खास्त अध्यक्ष शरद ओझाको बर्खास्ती कार्यान्वयन नगर्न सर्वोच्चले भदौ २३ गते जारी गरेको अन्तरकालीन आदेश सरकारले टेरेन। राजदूत फिर्ताको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्नेमध्येकै न्यायाधीश शारङ्गा सुवेदीले सो अन्तरकालीन आदेश जारी गरेकी थिइन्।

ओझालाई बर्खास्त गर्ने निर्णयका साथै नयाँ अध्यक्ष पदपूर्ति गर्ने सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्न सुवेदीको इजलासले अन्तरकालीन आदेश जारी गरेको थियो। आदेशमा ओझालाई निलम्बन गर्ने असार ३० गतेको निर्णय कार्यान्वयन नगर्न नभनिएकाले निलम्बन कायमै रहेको व्याख्या गरी आफै हाजिरसमेत भइसकेका ओझाको हाजिरी रोकाई मन्त्रालयकै सहसचिव जनकराज शर्मालाई प्राधिकरणको अध्यक्षको जिम्मेवारी दिइएको थियो।

**क्षेत्राधिकारको सवाल**

सरकारको निर्णयलाई कार्यान्वयन नगर्न वा बदर गर्न न्यायालयले दिने आदेश–फैसलामा क्षेत्राधिकारलाई लिएर हामीकहाँ खासै बहस हुने गर्दैन। खासगरी राजनीतिक नियुक्तिउपर परेका निवेदनमा न्यायालयका आदेश विशुद्ध न्यायाधीशको स्वविवेकीय अधिकारजस्तो भान हुन्छ। तिनमा एकरूपता पनि छैन।जस्तै, राजदूत फिर्तीमै यसअघि परेका मुद्दाहरूमा सर्वोच्चले विशुद्ध सरकार (कार्यपालिका)को क्षेत्राधिकारको विषय मानेको छ। तर पछिल्लोचोटि आदेश गर्दा सरकार ६ महिनाभित्र चुनाव गराउन बनेको, राजदूत फिर्ता गर्दा 'सेलेक्टिभ' भएको र तत्कालै राजदूत नियुक्त हुन नसक्दा देशको कूटनीतिक सम्बन्धमा समस्या पर्ने जस्ता कारण देखाइएको छ।

'सुशीला सरकारको राजदूत फिर्ता गर्ने निर्णय खास आदर्श काम थिएन, बरु परम्पराकै निरन्तरता थियो। सरकारको विशेषाधिकारमा हस्तक्षेप गरेर न्यायालयले सोझै प्रतिगामी आदेश दियो। सरकारको विश्वास नभएको कोही राजदूत हुँदैन र निरन्तरता पाउँदैन। त्यस्तो अवस्थामा प्राविधिक (अदालतको निर्णय) आधारमा नियोगमा बस्नु वा बस्न खोज्नु पनि नैतिकचाहिँ होइन,' इन्द्र अधिकारीले फेसबुकमा लेखेकी छन्।

न्यायालयले 'चुनाव गराउन बनेको सरकार भएकाले राजदूत फिर्ता गराउन पाउँदैन' भनेपछि प्रश्न उत्पन्न हुन्छ– के चुनाव गर्नका खातिर बनाइएको यो फगत एकथान सरकार हो? संविधानसभा चुनावका लागि खिलराज रेग्मी नेतृत्वमा बनाइएको सरकार र यो सरकारको हैसियत यही हो?

यदि हो भने, भदौ २३ र २४ गते भएको त्यत्रो आन्दोलन, बलिदानी र विध्वंश एकथान अन्तरिम सरकार बनाई चुनाव गर्नमात्र थियो?

२०८४ मंसिरमा हुनुपर्ने प्रतिनिधिसभाको चुनावलाई पौने दुई वर्षअगावै सम्पन्न गर्नमात्र भएको हो त्यत्रो आन्दोलन? बिल्कुल होइन। हुँदै होइन। २०८४ सालमा हुनपर्ने चुनावलाई २०८२ सालमै सम्पन्न गर्न बनाइएको सरकार भनिन्छ भने, जेन्जी आन्दोलनलाई 'डिसमिस' गरिनु हो। कलिला युवाहरूको रगतको अवमूल्यन हो।

भ्रष्टाचार नियन्त्रण अर्थात्, सुशासन आन्दोलन शुरूआतको ब्यानरमै छ। सामाजिक सञ्जालउपर रोक फुकुवाले 'ट्रिगर' गरेकोसम्म हो, जारी कुशासन, अस्थिरता, भागबण्डा आदि विकृति, बेथितिविरुद्ध विद्रोह हो। त्यसैले सरकार बन्नासाथ भ्रष्टाचार नियन्त्रणका लागि अधिकारसम्पन्न आयोगको माग जबर्जस्त थियो।

नेताहरूले पकेटबाट बनाएका मान्छेहरूले भरिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पार लाग्दैन भन्दै प्रधानमन्त्री कार्की जनविद्रोहलाई सम्बोधन गर्न अलग्गै आयोग गठन गर्ने मनस्थितिमा रहेको पनि हो। मन्त्रिपरिषद्का सदस्यहरूबाटै त्यस्तो आयोग अर्को शाही आयोग बन्ने खतरा हुने भन्दै अख्तियारलाई नै सरकारको स्पिरिट–स्पिडमा काम गर्न उत्प्रेरित गर्नुपर्ने कुरा आयो। प्रधानमन्त्रीले पनि अख्तियार प्रमुख प्रेम राईसँग भेटेर जनआकांक्षालाई सम्बोधन गर्नेगरी कसरी काम गर्न सकिन्छ भनेर छलफलै गरेको हो। अख्तियार प्रमुखले पनि नतिजा दिने हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता जनाए।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) पनि सरकारको त्यही स्पिरिट सम्बोधन गर्न प्रयत्नरत छ। व्यवसायी तथा निवर्तमान प्रतिनिधिसभा सदस्य देवीप्रकाश भट्टचनलाई दबोचिसकेको सीआईबीले ठूल्ठुलै माछा समातेर नागरिकको दिल 'गार्डेन–गार्डेन' गराउने निश्चितै देखिन्छ।

भ्रष्टाचारबाट आजित भएका जनता सडकमा आउँदा भएको त्यत्रो उथलपुथलपछि केपी ओली वा अरू कुनै नेतालाई त्यो आन्दोलन 'घुसपैठियाको थियो, सुरक्षा निकायले नसघाइदिएर भयो' भन्ने सुविधा होला, तर कुनै श्रीमानलाई जेनजी आन्दोलन डिसमिस गर्ने सुविधा हुँदैन।

केपी ओली सरकारले नियुक्त गरेका राजनीतिक नियुक्तिवाला राजदूतहरू फिर्ता गर्ने क्रममा सरकार सेलेक्टिभ भएकै हो। ती ठाउँमा नयाँ नियुक्ति नगरी कूटनीतिक सेवाका अधिकारीहरूलाई नै जिम्मेवारी दिने नीति लिइएका कारण महिला, दलित, जनजातिलाई चाहिँ फिर्ता नगरौँ भन्ने प्रधानमन्त्रीको इच्छा समावेशीकरणप्रति प्रतिबद्धता हो।

अपवाद बनेका डा. शंकर शर्माको हकमा पक्ष–विपक्षमा तर्क–वितर्क भएका थिए। राजनीतिक नियुक्तिका बाबजुद व्यवसायिक हुन फेरि भारतमा चाहिँ कार्यवाहकबाट नचलाऔँ भन्ने पक्ष बलियो भएपछि फिर्ता नगरिएको हो। कार्यकारीलाई राजदूत फिर्ता गर्दा पनि 'फलाना–फलानालाई फिर्ता गरे पनि फलाना–फलानालाई किन गरेनौ, यसकारण मिलेन' भन्न थाल्ने हो भने त्यस्तो कार्यकारी के को कार्यकारी?

कतिपय मिडियाले पनि मनमापिकको काम भए वाहवाह गर्दिने, अझ 'के हेर्दै छ सरकार' भन्दिने, अनि मन नपरेका वा स्वार्थ बाझिएका निर्णय भए 'चुनाव गर्ने कामचलाउ सरकार' ठोक्दिने दोगला चरित्र ग्रहण गरेको देखिन्छ। सिर्फ एकथान चुनाव गराउन बनाइएको सरकार हो भने निर्वाचित सरकारले निर्णय गरी दिएका सुविधालगायत यावत् निर्णय मिल्दैन भन्नसक्नु प¥यो नि!

वायुसेवा निगममा २०७८ कात्तिक ११ मा कार्यकारी नियुक्त भएका युवराज अधिकारीलाई अर्को सरकारले रुचाएन। रुचाओस् पनि किन, एकीकृत समाजवादीका नेता झलनाथ खनालले जिल्लावासीको पक्षमा रोइकराई गरेपछि उनकै पार्टीका प्रेम आले पर्यटनमन्त्री हुँदा नियुक्त भएका थिए। निगमभित्रको कुशासन त 'नेक्स्ट लेभल'मा पुगेकै थियो, २०७९ असार ६ गते निलम्बन गरी छानबिन शुरू गरे पनि सर्वोच्च अदालतले अन्तरकालीन आदेशमार्फत उनलाई 'न्याय' दिन विलम्ब गरेन।

सरकारले साउन १९ मा त छानबिन समितिको सिफारिसमा बर्खास्तै गरिदियो, अधिकारीले भदौ २ गते अन्तरिम आदेशमार्फत 'न्याय' पाइहाले। अन्तरिम आदेशकै आधारमा उनले थप तीन वर्ष तीन महिना बहाल रही गएको ६ गते कार्यकाल सकाएका छन्, मुद्दाको फैसला भएको छैन। गत साउन २३ गतेसम्ममा २७ चोटि तारेख पर्दा उनको एकचोटि पनि सुनुवाई हुनसकेन। यस्तोमा कोही जवाफदेही हुन नपर्ने हो र?

सरकार यति बेला दलहरूभन्दा पनि एकजना 'श्रीमान्'को प्रधानमन्त्री बन्ने महत्त्वांक्षाको कारण असुरक्षित महसुस गरिरहेको सुनिन्छ। जोसुकै आए पनि प्रधानमन्त्रीसम्म सोझै पहुँच हुने पात्रहरू यति बेला तिल्मिलाउँदै तिनै 'श्रीमान्'को छत्रछायाँमा पुगेर सरकार ढाल्न सक्रिय भएको बुझिन्छ।

घोषित मिति (फागुन २१) मै चुनाव हुनेमा शंका उत्पन्न भइरहेका बेला अर्का श्रीमान् नेतृत्वको सरकार बनाएर देशलाई थप अन्योलमा लैजाने दुष्प्रयास हो यो। सरकारका सुशासनउन्मुख निर्णयलाई जबर्जस्ती विवादित बनाउने काम हुन्छ भने शंका गर्नुपर्ने– हुन्छ तिनीहरू कुशासनकै पैरवीकार त होइनन्? उकालो

# निर्वासित स्पेनी राजाको संस्मरणले फ्राङ्कोबारे नयाँ बहस



निर्वासित स्पेनका पूर्व राजा जुआन कार्लोसको नयाँ संस्मरण सार्वजनिक भएपछि स्पेनमा उनको राजनीतिक विरासत र दिवङ्गत तानाशाह जनरल फ्रान्सिस्को फ्रान्कोसँगको सम्बन्धबारे व्यापक बहस शुरु भएको छ। यो पुस्तकको प्रकाशन सन् १९७५ नोभेम्बर २० मा फ्रान्कोको निधनको ५०औँ वार्षिकोत्सवसँग मेल खान्छ। दुई दिनपछि अर्थात् नोभेम्बर २२ मा जुआन कार्लोस स्पेनका राजाका रूपमा घोषणा भएका थिए। संस्मरणमा ८७ वर्षीय पूर्व राजाले स्पेनलाई लोकतन्त्रमा रूपान्तरण गर्ने भूमिकादेखि पारिवारिक तनाव र साउदी अरेबियाबाट लाखौँ युरो लिने गल्ती स्वीकार गर्नुभएको विषयसम्मका प्रसङ्ग समेटिएका छन्। फ्रान्सेली लेखिका लरेन्स डेब्रेसँग सह–लेखन गरिएको ५०० पृष्ठको यो जीवनी 'रिकन्सिलिएशन' बुधबार फ्रान्सेली भाषामा प्रकाशित भएको हो। डिसेम्बर ३ मा यसको स्पेनी संस्करण सार्वजनिक हुने तयारी छ।

**फ्रान्कोप्रति 'आदर र सम्मान'**

पुस्तकको सबैभन्दा विवादास्पद अंशहरूमा जुआन कार्लोसले तानाशाह फ्रान्कोबारे उल्लेख गरेका टिप्पणीहरू हुन्। उनले फ्रान्कोप्रति आफूले 'ठूलो सम्मान' राख्ने गरेको र उनलाई 'कहिलेकाहीँ कोमल र परोपकारी' व्यक्ति ठान्ने गरेको लेखेका छन्।

फ्रान्कोले जुआन कार्लोसलाई १० वर्षको उमेरमा निर्वासनबाट स्पेन फर्काएर आफ्नो उत्तराधिकारीका रूपमा हुर्काएका थिए। 'मैले उनको राजनीतिक बुद्धिमत्ता र नेतृत्व क्षमताको प्रशंसा गरेँ। मैले कसैलाई पनि मेरो सामु उनको आलोचना गर्न अनुमति दिइनँ,' उनले संस्मरणमा लेखेका छन्।

संस्कृति मन्त्री अर्नेस्ट उर्टासुनले ती टिप्पणीको तीव्र निन्दा गर्दै भने, 'आजको समयमा कसैले तानाशाहको बचाउ गर्नु वा उनको कार्यलाई औचित्य दिन खोज्नु अत्यन्तै खेदजनक कुरा हो।'

**लोकतन्त्रतर्फको सङ्क्रमण र आलोचना**

सन् १९७५ मा फ्रान्कोको मृत्युपछि स्पेनलाई लोकतन्त्रको दिशामा लैजाने श्रेय जुआन कार्लोसलाई नै दिइन्छ। उनले संवैधानिक राजतन्त्रलाई स्वीकार्दै संसदीय प्रणालीको समर्थन गरेर फ्रान्कोका अनुयायीहरूलाई निराश पारेका थिए।

तर, राजतन्त्रको विरोध गर्ने वामपन्थी पार्टी सुमारका नेता उर्टासुनले भने, 'लोकतन्त्र त ती हजारौँ नागरिकहरूले स्थापना गरेका थिए जसले यातना सहे, जेल बसे र आफ्नो जीवनसम्म बलिदान गरे।'

पूर्व प्रधानमन्त्री जोसे लुइस रोड्रिगेज जापाटेरोले पनि राजाले फ्रान्कोबारेका टिप्पणीहरू 'नरम पार्नु पर्ने' बताएका छन्। उनका अनुसार फ्रान्कोको शासन यातना, मृत्युदण्ड र कठोर सेन्सरसिपमा आधारित थियो।

**राजाको स्व–निर्वासन र मौनता**

सन् २०१४ मा छोरा राजा फेलिप छैटौँका पक्षमा गद्दी त्यागेपछि जुआन कार्लोस सन् २०२० देखि संयुक्त अरब इमिरेट्समा स्व–निर्वासनमा बस्दै आएका छन्। उनले नोभेम्बर २१ मा राजाका रूपमा घोषणाको ५०औँ वार्षिकोत्सव मनाउने औपचारिक कार्यक्रममा भाग नलिने निर्णय गरेका छन्।

शाही परिवारले यसबारे टिप्पणी गर्न अस्वीकार गर्दै यो कदम जुआन कार्लोसको 'अवकासपछिको जीवनशैलीसँग सुसङ्गत' भएको जनाएको छ।

**बढाइँचढाइँ गरिएको जीवनी**

म्याड्रिडको कम्प्लुटेन्स विश्वविद्यालयका इतिहासविद् डेभिड सान नार्सिसो मार्टिनका अनुसार यो पुस्तक 'राजालाई पुनः सार्वजनिक आवाज दिने प्रयास' हो। उनले भने, 'फ्रान्कोको चित्रणमा राजाले अत्यन्तै व्यक्तिगत व्याख्या प्रस्तुत गर्नुभएको छ, जुन इतिहाससँग मेल नखान सक्छ।'

उनका अनुसार राजाले फ्रान्कोले स्पेनमा लोकतन्त्र ल्याउने योजना गर्नुभएको थियो भन्ने भ्रम फैलाउन खोज्नुभएको छ, जुन ऐतिहासिक दृष्टिले गलत छ।

स्पेनी लेखिका लुज सान्चेज–मेलाडोले दैनिक एल पाइसमा पुस्तकलाई 'बढाइँचढाइँ गरिएको जीवनी' भन्दै लेखेका छन्। उनका अनुसार यो पुस्तकले जुआन कार्लोसलाई 'आफ्नो हरेक इच्छालाई कानूनका रूपमा प्रयोग गरेको, तर अहिले कोही पनि आफ्नो आदेश नमान्दा अचम्म मान्ने राजा' का रूपमा चित्रण गर्छ। सन् २०१२ मा आर्थिक सङ्कटको बीचमा उनी बोत्सवानामा विलासी हात्ती सिकार यात्रामा गएको खुलासा भएपछि जुआन कार्लोसविरुद्ध जनमत तीव्र रूपमा फेरिएको थियो। त्यसयता उनमाथि वित्तीय घोटाला र विवाहेतर सम्बन्धका आरोपहरू पनि लागेका छन्।

स्पेनी संस्करण अझ सार्वजनिक नहुँदै पनि यो पुस्तक कासा डेल लिब्रो पुस्तक पसल सञ्जालमा सबैभन्दा धेरै बिक्री हुने गैर–काल्पनिक शीर्षक बनेको छ।

पुस्तकमा राजाले लेख्नुभएको छ, 'म अन्ततः मेरो कथा लेख्ने निर्णयमा पुगेँ, किनकि मेरो कथा मबाट चोरी भइरहेको थियो। मेरा पिताले मलाई यस्तो कहिल्यै नगर्न चेतावनी दिनुभएको थियो।' एएफपी

# आन्दोलनक्रममा उद्योग व्यापारिक क्षेत्रमा गरिएको क्षति अस्वीकार्यः प्रधानमन्त्री




**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले 'जेन्जी' आन्दोलन पृष्ठभूमिमा राज्यविहीनताको फाइदा उठाउँदै केही उच्छृंखल समूहले उद्योग व्यापारिक क्षेत्रमा गरेको क्षति सरकारलाई अस्वीकार्य भएको बताएकी छिन्।

नेपाल उद्योग वाणिज्य महासङ्घले शनिबार गरेको 'राष्ट्रिय आर्थिक बहस २.०' लाई सम्बोधन गर्दै उनले क्षतिबाट मर्माहत भएको निजी क्षेत्रलाई तत्काल राहत दिँदै आत्मविश्वासको जगेर्ना गर्न सरकारले कुनै प्रयास बाँकी नराख्ने विश्वास दिलाइन्।

कानूनको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागिपरेको बताइन्। 'घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनुहुँदैन,' जेन्जी आन्दोलनको सन्देश स्पष्ट पार्दै उनले भनिन्।

सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको जनाउँदै प्रधानमन्त्री कार्कीले राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट, निजी क्षेत्रमाथि लादिएका शङ्का र दोहनकारी सङ्कटपूर्ण प्रणालीप्रति सरकार सजग रहेको बताइन्।

'व्यवसायीका पिर, मर्का हाम्रै पिर, मर्का हुन्, उद्योगी व्यवसायीहरू केवल राज्यलाई कर मात्र तिरेका हुँदैनन्, उनीहरूले रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितताबाट राज्यको ठूलो दायित्व पनि बहन गरिदिएका हुन्छन्,' उनले भनिन्, 'तसर्थ, उद्योग व्यवसायबिना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको मागलाई सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौँ।'

नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्क तथा वित्तीय क्षेत्रको स्थिरताका लागि कडा कदम चालिएको जानकारी दिँदै प्रधानमन्त्रीले व्यवसाय गर्ने वातावरण सुधार गर्न नीतिगत जटिलता हटाइँदै लगिएको बताइन्।

प्रधानमन्त्री कार्कीले सिङ्गो मुलुक आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीमा जुटेको उल्लेख गर्दै निर्वाचनमार्फत दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गरिन्। 'यहीँ नै गरी खान सकिन्छ भन्ने आशा जगाउँदै त्यसका लागि उपयुक्त वातावरण बनाउन प्रयासरत छौँ,' उनले भनिन्।

अर्थमन्त्री डा रामेश्वर खनालले जेन्जी आन्दोलनको प्रभावबाट निजी क्षेत्रलाई पूर्ववत् अवस्थामा ल्याउन वर्तमान सरकारले पहिलो दिनदेखि नै काम थालनी गरेको स्पष्ट पारिन्। 'सरकारले पटकपटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ,' उनले भसनन्, 'निजी क्षेत्र मैत्री व्यवहार गर्न सरकार लागिपरेको छ।'

कर प्रशासनका सेवालाई विकेन्द्रित गर्दै लगिएको जानकारी दिँदै उनले व्यवसायी जगत्लाई भरोसा जगाउन सरकार प्रतिबद्ध रहेको बताइन्। 'व्यवसायीलाई कुनै पनि दुःख नदिईकन सेवा दिन सरकार तत्पर छ,' उनले भनिन्।

गृहमन्त्री ओमप्रकाश अर्यालले आमनागरिकको अभिभावकका रूपमा काम गरिरहेको वर्तमान सरकारले निजी क्षेत्रको सरोकार सम्बोधन गर्ने बताए। 'मुलुक अहिले कानूनी राज्यका रुपमा अघि बढिरहेको छ, सरकारले कानूनी राज्यको सरकारले गर्छ,' उनले भने, 'अर्थतन्त्रको आधारशीला बलियो बनाउनुपर्छ, यसका अङ्गलाई सुरक्षा दिनुपर्छ, यही काम सरकारले गरिरहेको छ।'

अर्थतन्त्रको जगेर्ना गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको उल्लेख गर्दै गृहमन्त्रीले सरकार र निजी क्षेत्रले मुलुकको समृद्धिमा हातेमालो गर्नुपर्ने बताए। 'जेन्जी आन्दोलनका घुसपैठ भयो, आपराधिक तत्वले क्षति गरे, तर त्यसलाई राज्यले सम्बोधन गरेको छ,' उनले भने, '३८० जना पक्राउ परेका छन्, १५० जनामाथि मुद्दा चलेको छ, सरकारले उद्योगी, व्यवसायीलाई पूर्ण सुरक्षा दिन्छ।' उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले औद्योगिक वातावरण प्रवर्द्धनका लागि बाधक बनेको कानूनी व्यवस्था परिमार्जनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए। उद्योगीलाई सहजीकरण गर्न मन्त्रालय प्रयासरत रहेको जानकारी दिँदै उनले अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकता दिइने स्पष्ट पारे। मुख्यसचिव एकनारायण अर्यालले स्वदेशमा रोजगारी सिर्जना गरेर कामको खोजीमा वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्नेमा जोड दिए।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेलले उच्च मनोबलका साथ निर्धक्क भएर व्यावसायिक क्रियाकलाप अघि बढाउन निजी क्षेत्रलाई आग्रह गरे। 'उच्च मनोबलका साथ काम गर्नुस्। एउटा दुर्घटनाजस्तो भयो। त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईंहरुले सकारात्मक रुपमा लिएर यसलाई सदुपयोग गर्नुहोला,' उनले भने।

निजी क्षेत्रका प्रतिनिधिहरुले उद्योगी–व्यवसायीलाई निर्धक्क भएर व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने, ऐन कानूनलाई व्यवसायीमैत्री बनाउनुपर्ने, सेवा प्रवाहलाई सरलीकृत गर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराए।



**पोसिलो चामल डिपोः** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रादेशिक कार्यालयको कर्णालीका १० जिल्लामा पठाउन राखिएको पोसिलो चामल। साविकको कर्णालीमा मात्र बिक्री हुँदै आएको यो चामल अब कर्णालीका सबै डिपोबाट बिक्री शुरु भएको छ। कुपोषण हटाउन चामल लाभदायी भएको छ। तस्बिरः रासस

# पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड

**गोरखा।**
नेपाली कांग्रेस जिल्ला समिति, गोरखाले आगामी पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड दिएको छ। जिल्ला समितिले महामन्त्री गगन थापाले प्रस्तुत गर्नुभएको कार्यतालिकाअनुसार पार्टीको केन्द्रीय महाधिवेशन गर्नुपर्नेमा जोड दिएको हो।

शनिबार सम्पन्न बैठकपछि आयोजित पत्रकार सम्मेलनमा जिल्ला सभापति नन्दप्रसाद न्यौपानेले विधानअनुसार महाधिवेशन हुन नसके ५४ प्रतिशत प्रतिनिधिले माग गरेबमोजिम विशेष महाधिवेशन हुनुपर्ने निर्णय जिल्ला समितिले गरेको जानकारी दिए।

'महामन्त्रीले माग गरेबमोजिम महाधिवेशन हुँदैन भने ५४ प्रतिशत प्रतिनिधिले माग गरेको विशेष महाधिवेशन हुनुपर्छ भन्ने निर्णय जिल्ला समितिले गरेको छ,' उनले भने, 'हामीले सोही अनुसार केन्द्रीय समितिलाई अनुरोध गर्नेछौँ।'

कांग्रेसको विधानले जिल्ला समितिसहित सबै तहको कार्यकाल चार वर्षका लागि तोकेकाले आगामी मङ्सिरमा सबै तहको कार्यकाल सकिने भएकाले पुसमा नियमित अधिवेशन हुनुपर्ने निर्णय बैठकले गरेको उनले बताए। उनका अनुसार कांग्रेस गोरखाका ५१ महाधिवेशन प्रतिनिधिमध्ये ४२ जनाले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षरसमेत गरेका छन्।

बैठकले विषम परिस्थितिमा देशले निकास खोजिरहेका बेला जिल्लाभित्रका ११ वटै पालिकामा पार्टीले भेला गरेर नागरिकहरूसँग छलफल र आवश्यक संवाद गर्ने निर्णयसमेत गरेको सभापति न्यौपानेले बताए। वर्तमान अवस्थामा देशलाई निकास दिनका लागि पनि तत्काल पार्टीको महाधिवशेन जरुरी रहेको उनको भनाइ छ।

किसानले भित्र्याउने तयारी गरेका धानबालीमा वर्षाले ठूलो क्षति पुर्‍याएकाले स्थानीय प्रदेश र सङ्घीय सरकारलगायत सरोकार भएका निकायसँग पीडित किसानलाई विशेष राहतको व्यवस्था गर्न ध्यानाकर्षण गराउने शनिबारको बैठकले निर्णय गरेको सभापति न्यौपानेले जानकारी दिए।

उनका अनुसार पार्टीको भ्रातृ सङ्गठनलाई थप चलायमान बनाउन तथा विकास निर्माणका योजनालाई समयमा सम्पन्न गर्नेगरी दबाब दिने निर्णय बैठकले गरेको छ। जिल्ला सभापति न्यौपानले वर्तमान सरकार संविधानअनुसार बन्यो वा बनेनभन्दा पनि यो जेन्जीको माग र आन्दोलनको मर्मबाट बनेको सरकार भएकाले स्वीकार गरेर अघि बढ्नुपर्ने धारणा राखे।

'यो सरकार आन्दोलनबाट बनेकाले हामीले स्वीकार गर्नुपर्छ। यो युवा पुस्ताको सङ्घर्ष र मागपछि बनेकाले हामी निर्वाचनमा जानु पर्छ,' उनले भने, 'हामीले विगतमा गरेका आन्दोलनबाट पनि कतिपय कुराहरू भत्कायौँ र नयाँ ढङ्गले अगाडि बढ्यौँ। त्यसैले अहिले जेन्जीको आन्दोलनपछि जुन सरकार बनेको छ र फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ, निर्वाचनमा सहभागी हुनुपर्छ र कांग्रेस गोरखा निष्पक्ष निर्वाचनको पक्षमा छ।'

# अन्तरराष्ट्रिय सम्बन्धबारे जेन्जी पुस्ताले चासो दिनुपर्नेमा जोड




**काठमाडौँ।**
त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष एवम् प्राध्यापक डा खड्ग केसीले अबको शासन प्रणाली सुधारसँगै संस्कार परिवर्तनमा सबैले जोड दिनुपर्ने बताएका छन्। अन्तरराष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागअन्तर्गत अन्तरराष्ट्रिय सम्बन्ध सरोकार समुदाय नेपालले शनिबार आयोजना गरेको 'जेन्जी आन्दोलनपछिको नेपालको राजनीतिक पद्धति र परराष्ट्र नीति' विषयक गोष्ठीमा डा केसीले जेन्जी आन्दोलनपछि मुलुकले सुशासनको परिकल्पना गरेको बताए। पछिल्लो पुस्तालाई अन्तरराष्ट्रिय कूटनीतिक सम्बन्ध र परराष्ट्रनीतिको महत्त्वबारे बुझाउनुपर्ने धारणा उनले राखे।

'राजनीतिक दल र नेताहरूले जनताप्रति गरेको अपारदर्शी व्यवहारको आक्रोशित रुपबाट जेन्जी आन्दोलन जन्मिएको हो,' उनले भने, 'तर, युवाले अन्तरराष्ट्रिय सम्बन्ध र राष्ट्रको कूटनैतिक महत्त्वबारे बुझ्न जरुरी रहेको देखेको छु। र युवालाई यसबारे बुझाउनु हाम्रो दायित्व पनि हो।'

प्राध्यापक डा युवराज सङ्ग्रौला र पूर्वमहान्यायाधिवक्ता एवम् काठमाडौँ विश्वविद्यालयका सहप्राध्यापक डा चन्द्रलाल पाण्डे जेन्जी आन्दोलनपछिको राजनीतिक पद्धति र परराष्ट्र नीतिबारे कार्यपत्र प्रस्तुत गरेका थिए।

डा सङ्ग्रौलाले जेन्जी पुस्ताले चाहेको रुपान्तरणलाई नजरअन्दाज गर्न नमिल्ने बताउँदै अबको शासन प्रणाली जनमुखी हुनुपर्नेमा जोड दिए। डा पाण्डेले भने जेन्जी आन्दोलन समग्र समाजले भोग्दै आएको असन्तुष्टिको नतिजा रहेको बताए। उनले अन्तरराष्ट्रिय जगत्मा राष्ट्रिय अस्तित्व बलियो बनाउनतर्फ पनि कूटनीतिक सम्बन्धको चर्चा गर्न आवश्यक रहेकामा जोड दिए। पूर्वमन्त्री गणेश साह र पूर्वराजदूत खगनाथ अधिकारीले प्रस्तुत कार्यपत्रहरूमाथि टिप्पणी गरेका थिए।

डा हरिप्रकाश चन्दले अन्तरराष्ट्रिय सम्बन्धको इतिहास, वर्तमान र भविष्यका बारेमा धारणा राखे। उनले विगतदेखि शासन सत्तामा रहेकाले परराष्ट्र नीतिलाई खासै स्थान नदिएको उल्लेख गर्दै आगामी दिनमा यसलाई सुधार गर्दै अन्तरराष्ट्रिय कूटनीतिक विज्ञसँग साझेदारी गर्न आवश्यक रहेको बताए। 'परराष्ट्रनीतिमा त्यससँग सम्बन्धी विज्ञमाझ छलफल र वैचारिक विमर्श हुन जरुरी छ,' उनले भने, 'तर, हामीले परराष्ट्र नीतिलाई खासै महत्त्व दिएको पाइँदैन।'

कार्यक्रममा अन्तरराष्ट्रिय सम्बन्धका विद्यावारिधी (पिएचडी) शोधार्थी प्रशान्तकुमार विकले पछिल्लो केही वर्षमा युवा पुस्ताले देशलाई अन्तरराष्ट्रियस्तर अब्बल बनाउने 'इन्टरनेसनल रिलेसनस्' विषयमा रुचि देखाउन थालेका बताए। कार्याक्रममा अन्तरराष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागका प्रमुख अपेक्षा शाह पनि उपस्थित थिए। रासस

# 'निजी क्षेत्रको मनोबल बढाउन सरकारले विशेष पहल गर्नुपर्छ'

**काठमाडौँ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको मनोबल बढाउनका लागि सरकारले विशेष पहल लिनुपर्नेमा जोड दिएका छन्। महासङ्घले शनिबार गरेको 'राष्ट्रिय बृहत् आर्थिक बहस २.०' कार्यक्रममा मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले राज्यले निजी क्षेत्रको योगदान आत्मसात् गर्दै आमसर्वसाधारणलाई पनि बुझाउने गरी मन्त्रिपरिषद्बाट सार्वजनिक महत्वको प्रस्ताव पारित गर्नु आवश्यक रहेको बताए। 'दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि सबैको प्रयास अहिलेको समयमा आवश्यक छ। यसका लागि सबै राजनीतिक दल, युवा पुस्तालगायत सरोकारवालासँगको संवाद र सहकार्यमा समयमै निर्वाचन हुने वातावरणको सुनिश्चितता हो,' उनले भने, 'सरकारले यसतर्फ प्रयास गरिरहेको पनि छ। हामी निजीक्षेत्र पनि सम्पूर्ण रुपमा शान्ति स्थायित्व र समृद्धिका लागि समयमै निर्वाचनको वातावरण बनाउन आग्रह गर्दछौँ। यसमा निजीक्षेत्र सहयोग र सहकार्य गर्न तयार छ।'

अध्यक्ष ढकालले अर्थमन्त्री रामेश्वर खनालले हालैको एक कार्यक्रममा निजीक्षेत्र भनेको फल दिने वृक्ष हो भनेको स्मरण गर्दै यसलाई थप मलजल गरी बढीभन्दा बढी फल दिनेगरी संरक्षण गर्न सकियो भने मात्रै मुलुकले अधिकतम लाभ लिनसक्ने र मुलुक समृद्ध बन्ने बताए।

युवा पुस्ताको आन्दोलन र मागबमोजिम मुलुकमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने प्रयत्नमा सरकार लागेको समयमा निजीक्षेत्र पनि खरानी टक्टक्याउँदै जुर्मुराउन खोजिरहेको उनको भनाइ छ।

महासङ्घले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा रु ४८ अर्ब रुरुपैयाँको भौतिक क्षति भएको र यसबाट निजी क्षेत्रको करिब ८८ अर्ब रुपैयाँ बराबार नोक्सानी भएका उनको भनाइ छ।

उनले हरेक आन्दोलन वा प्रदर्शनमा निजी क्षेत्रमाथि प्रहार हुने गरेको भए पनि यसपटक विगतका आन्दोलनभन्दा यसपटक बढी आहत भएको उल्लेख गरे। 'एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट गरेर, ऋण काडेर उद्यमीले लगानी गरेको हुन्छ, राजस्वमा योगदान पुर्‍याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ। तर पनि आन्दोलनमा उद्यमी व्यवसायीका शयन कक्षसम्म लुटपाट भएको छ। व्यापार व्यवसायमा आगो लागेको छ। यो घटनाले सबैले आफैँले आफैँलाई फर्केर हेर्न पनि बाध्य पारेको छ। हामी पनि समीक्षा गर्दैछौँ हामी कहाँ चुक्यौँ। अनि समाज कहा चुक्यो,' उनले भने।

उनले आन्दोलनका क्रममा आगजनी, तोडफोड तथा लुटपाट गर्नेमाथि कडाभन्दा कडा कारबाही नहुने हो भने दण्डहीनता मौलाउने उल्लेख गर्दै दोषीलाई कुनै पनि नाममा प्रश्रय दिन नहुनेमा जोड दिए।

उनले नेपालमा केही पनि हुँदैन र नेपालको लगानीले केही पनि गर्न सकिँदैन भन्ने नकारात्मक भाष्य चिर्नका लागि महासङ्घको पहलमा नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्श र गैरआवासीय नेपाली सङ्घ सदस्य एवम् अन्य व्यवसायीको संलग्नतामा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडिपी) कम्पनी स्थापना भएको पनि उल्लेख गरे। 'यस कम्पनीले मुलुकभर छरिएर रहेको आन्तरिक पुँजी सङ्कलन गरी ठूला पूर्वाधारका परियोजनामा लगानी गर्नेछ। यसबाट लगानीकर्ताको विश्वास बढाउने र आन्तरिक पुँजीको परिचालनबाट पनि ठूला परियोजना गर्न सकिने सन्देश दिन सकिनेछ,' उनले भने।

# दुग्ध उत्पादनमा आकर्षित गर्न ‘नश्ल सुधार कार्यक्रम’

**बागलुङ।**
बागलुङको जैमिनी नगरपालिकाले किसानलाई व्यावसायिक पशुपालनमा आकर्षित गर्नका लागि नश्ल सुधार कार्यक्रमलाई सुरु गरेको छ।

पालिकाका करिब ९० प्रतिशत किसानले गाईभैँसी पालन गर्दै आए पनि व्यावसायिक रूपमा दूध उत्पादनमा लागेका छैनन् । किसानलाई दूध उत्पादनमार्फत आयआर्जनसँग जोड्न नश्ल सुधार कार्यक्रम सुरु गरेको हो।

नगरपालिकाले नश्ल सुधार कार्यक्रम सुरु गरेपछि अहिलेसम्म ३३५ गाई र भैँसीमा निःशुल्क कृत्रिम गर्भाधान सम्पन्न भइसकेको पशु सेवा शाखा प्रमुख डा अच्युत आचार्यले जानकारी दिए। नश्ल सुधार कार्यक्रमले पशुपालक किसान उत्साहित भएको उनको भनाइ छ । यो कार्यक्रमले जैमिनीका गाउँ–गाउँमा दूधको उत्पादन वृद्धि हुने र आत्मनिर्भर बनाउने डा आचार्यल बताए। उनका अनुसार जैमिनीमा बर्सेनि करिब ५० लाख लिटर दूध उत्पादन हुँदै आएको छ । यसलाई बढाउने र किसानलाई आयआर्जनसँग जोड्दै जाने गरी यस वर्षदेखि नश्ल सुधार कार्यक्रम सुरु गरेको उनले बताए । नगरपालिकाले नश्ल सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा छ लाख रुपैयाँ विनियोजन गरेको छ । नगरपालिकाभर हाल १५ हजार गाई भैँसी रहेको तर सबै किसानले व्यावसायिक रूपमा दूध उत्पादन नगर्ने डा आचार्य बताउछन । उनले भने, ‘नश्ल सुधार कार्यक्रमले पशुपालक किसानलाई जोड्ने र व्यवसायप्रति आकर्षित गर्छ, यहाँका धैरै किसानले गाईभैँसी पाल्दै आउनुभएको छ, तर नश्ल सुधारतर्फ धैरैको ध्यान गएको छैन, नश्ल सुधारपछि उत्पादन बढ्ने छ, किसानको माग अनुसार अहिले नश्ल सुधार गरिरहेका छौँ।’

स्थानीय कृषक विकास पौडेलले नगरपालिकाले सुरु गरेको नश्ल सुधारबाट आफूहरूलाई ठूलो टेवा पुगेको बताए । पहिले एउटा कृत्रिम गर्भाधान गराउँदा एक हजार रुपैयाँ देखि एक हजार ५०० रुपैयाँ तिर्नु परेको भन्दै अहिले नगरपालिकाले निःशुल्क सेवा दिएको उनको भनाइ छ । नश्ल सुधार कार्यक्रमले आफूजस्ता सयौँ किसानलाई दूध उत्पादन बढाउन सहज हुने पौडेलले बताए।

नगरपालिकाले किसानका लागि हरेक वर्ष नयाँ कार्यक्रम ल्याउने गरेको छ । गत वर्ष ‘किसान कल सेन्टर’ सञ्चालन गरेको थियो । जसबाट किसानका वस्तुभाउ बिरामी भए फोनबाटै समस्या नगरपालिकामा राख्न सक्थे र उपचारका लागि पशु प्राविधिक किसानका गोठमै पुग्ने गर्थे । सस वर्ष भने उत्पादनलाई बजारीकरण गर्न कृषि एम्बुलेन्स सेवा सुरु गरेको छ।रासस

# अमेरिकामा बजेट पारित नहुँदा उड्डयन क्षेत्र अस्तव्यस्त




अमेरिकामा लामो समयदेखि संघीय सरकारको बजेट पारित नहुँदा विभिन्न क्षेत्रमा गम्भीर असर पर्न थालेको छ। त्यसको सबैभन्दा ठूलो प्रभाव अहिले उड्डयन क्षेत्रमा देखिएको छ।

बजेट पारित नहुँदा तलबबिनै काम गर्न बाध्य कर्मचारीहरू बिदामा जान थालेका वा वैकल्पिक रोजगारीतर्फ आकर्षित हुन थालेपछि संघीय उड्डयन प्रशासन (एफएए) ले सयौं उडान कटौती गर्न बाध्य भएको हो । संघीय सरकार लामो समयदेखि बजेट पारित गर्न असफल रहँदा शुक्रबार मात्र देशका प्रमुख विमानस्थलहरूमा ५,००० भन्दा बढी उडानहरू रद्द गरिएको बीबीसीले जनाएको छ । यो अराजकताको मुख्य कारण हवाई यातायात नियन्त्रक (एयर ट्राफिक कन्ट्रोलर) हरूको तीव्र अभाव हो । सरकार बन्द (शटडाउन) का कारण तलबबिना काम गर्न बाध्य यी कर्मचारीहरूलाई परेको मानसिक र आर्थिक दबाबका कारण धैरैजना अनुपस्थित हुन थालेका छन्।

कर्मचारी अभाव कम गर्न तथा यात्रु सुरक्षा सुनिश्चित गर्न एफएएले शुक्रबारदेखि लागू हुनेगरी नयाँ निर्देशन जारी गरेको छ। उक्त निर्देशनअनुसार देशका ४० ठूला विमानस्थलमा उडान संख्या तत्काल ४% ले घटाइएको छ। यदि सरकारी बन्द यस्तै जारी रह्यो भने आगामी हप्ताको अन्त्यसम्म यो कटौती १०% पुग्ने लक्ष्य राखिएको एफएएले जनाएको छ।

यस कदमले न्युयोर्क, लस एन्जलस, शिकागो र वासिङ्टन डीसीजस्ता देशका सबैभन्दा व्यस्त विमानस्थलहरूमा प्रत्यक्ष असर पारेको छ।

एफएएका अनुसार हवाई यातायात नियन्त्रकहरू पहिलेदेखि नै जनशक्ति अभाव र अत्यधिक कार्यभारको समस्या भोग्दै आएका थिए। सरकार बन्दले यो सानो संख्यामा रहेका दक्ष जनशक्तिमाथि असहनीय दबाब थपेको हो।

एक महिनाभन्दा बढी समयदेखि तलब नपाएका धैरै नियन्त्रकहरू आर्थिक र मानसिक तनावका कारण ‘बिरामी’ भन्दै अनुपस्थित हुन थालेका छन् । कतिपयले परिवारको खर्च धान्नका लागि ‘साइड काम’ (पार्टटाइम रोजगार) लिन बाध्य भएका छन्, जसले उनीहरूको मुख्य जिम्मेवारीमा असर पारेको छ ।

यातायात सचिव सीन डफीका अनुसार हालको उडान कटौतीले अन्तर्राष्ट्रिय यात्रामा तत्काल प्रभाव नपारेको भए पनि, यो अवस्था लामो समय टिक्न नसक्ने हो। फक्स न्युजसँगको अन्तर्वार्तामा उनले भने, ‘यदि सरकार बन्द लामो समयसम्म चलिरह्यो र नियन्त्रकहरूको अनुपस्थिति बढ्दै गयो भने उडान कटौती २०% सम्म पुग्न सक्छ।’

सरकार बन्दको असर हवाई यातायातमै सीमित छैन । देशभरका लाखौं नागरिकलाई दिइने खाद्य सहायता कार्यक्रमहरूको बजेट पनि रोकिएको छ, जसले थप मानवीय संकट सिर्जना गर्ने चिन्ता बढाएको छ। एजेन्सी

# क्रिकेटः नेपालद्वारा भारत १२ रनले पराजित



**काठमाडौँ।**
हङकङमा जारी हङकङ इन्टरनेशनल सिक्सेस प्रतियोगिताअन्तर्गत शनिबार नेपालले भारतलाई ९२ रनले पराजित गरेको छ । जारी प्रतियोगितामा यो नेपालको पहिलो जित हो । जितका लागि नेपालले दिएको १ सय ३८ रनको लक्ष्य पछ्याएको भारत तीन ओभरमा अलआउट हुँदै ४५ रनमा समेटियो। उसका लागि भरत चिप्ली र प्रियांक पञ्चालले १२–१२ रन बनाए भने रोविन उथप्पाले पाँच तथा दिनेश कार्तिक र सहबाज नदिमले समान सात–सात रन बनाए।

नेपालका लागि रसिद खानले तीन विकेट लिए भने रुपेश सिंह र बसिर अहमदले समान दुई–दुई विकेट लिए।

पहिले ब्याटिङ गरेको नेपालले निर्धारित छओभरमा कुनै पनि विकेट नगुमाइ १ सय ३७ रन बनाएको थियो । नेपालका लागि रसिद खानले ५५ रनको योगदान दिए भने सन्दीप जोराले ४७ र लोकश बमले ३१ रन बनाए। यसअघि आजै भएको समूह चरणको खेलमा नेपाल दक्षिण अफ्रिकासँग चार विकेट र श्रीलङ्कासँग तीन विकेटले पराजित भएको थियो। साथै हिजो भएको खेलमा नेपाल अफगानिस्तानसँग पराजित भएको थियो।

# बाढीपहिरोको क्षतिबाट तीन अर्ब ७८ बराबरको बीमा दावी

**काठमाडौँ ।**
गत असोजमा गएको बाढी पहिरोका कारण पुगेको क्षतिका कारण बीमा कम्पनीहरुमा तीन अर्ब ७८ करोड ४० लाख ९० हजार रुपैयाँ बराबरको दावी परेको छ ।

गत असोज १७ गतेदेखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण जनधनको क्षति भएको थियो । प्राधिकरणका अनुसार कबूल ४३४ वटा बीमा दावीको आवेदन परेको छ ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमा ३८२, इञ्जिनियरिङ तथा ठेकेदार जोखिम ९२, कृषि तथा बाली बीमा २०९, मोटर बीमा निजीतर्फ ३७, मोटर बीमा सार्वजनिक १०, अन्य बीमा एक र सामुन्द्रिक बीमाका तीन वटा आवेदन परेको छ ।

कूल ३७ जिल्लामा भएको क्षतिको क्षतिपूर्तिका लागि बीमा दावीको आवेदन परेको छ । सबैभन्दा बढी १९७ वटा बीमा दावीको आवेदन सुनसरीमा परेको छ । यस्तै, इलाममा ६०, काठमाडौँ ८०, मोरङ ९०, झापा २०, पर्सा ७१, रौतटहमा २८ वटा बीमा दावीको आवेदन परेको छ ।

प्राधिकरणका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको क्षतिको २३ अर्ब २३ करोड रुपैयाँ बराबरको बीमा दावीको आवेदन परेको छ । यस्तै, गत असारको बाढी पहिरोका कारण भएको क्षतिको कारण ९८ करोड ५९ लाख रुपैयाँ बराबरको बीमा दावीको आवेदन परेको थियो ।

प्राकृतिक जोखिमबाट हुने क्षतिमा भएको बृद्धिसँगै बीमा कम्पनीमा बीमा दावीको आवेदन पनि उल्लेख्य रूपमा बढेको छ । हाल नेपालमा १४ वटा निर्जीवन बीमा कम्पनी, चार वटा निर्जीवन लघुबीमा कम्पनीमा बीमा दावीको आवेदन परेको हो । रासस

# चोयाको नाङ्लो बुनेर जीविकोपार्जन



**सुनसरी ।**
इटहरी उपमहानगरपालिका–३ सुनौलो बस्तीका बसन्त राई बाँसको चोयाबाट नाङ्लो बुनेर आत्मनिर्भर बनेका छन ।

पुख्र्यौली सीपलाई नै व्यवसायिक रूपमा अङ्गाल्दै आउनु भएका उनले करिब दुई दशकदेखि नाङ्लो बनाएर बिक्रीमार्फत जीविकोपार्जन गर्दै आउनुभएको बताए ।

उनका अनुसार घरको दैनिक खर्च, छोराछोरीको पढाइ तथा गृहव्यवहारका सबै आवश्यकता यही पेशाबाट पूरा हुने गरेको सुनाए । यो हाम्रो पुख्र्यौली पेशा हो । समय दिएर बनाउदा आम्दानी राम्रै हुन्छ, उनले भने, राईका अनुसार वर्षेनि करिब सात लाख रुपैयाँ देखि आठ लाख रुपैयाँ बराबरको नाङ्लो बिक्री हुने गरेको सुनाए ।

नाङ्लो बनाउनका लागि आवश्यक बाँस तालतलैया र खोर्सानेघाट क्षेत्रबाट ल्याउने गर्नुहुन्छ । एक वटा बाँस २०० देखि ३०० रुपैयाँसम्म पर्ने गरेको उनले बताए । एक वटा बाँसबाट १० देखि १२ वटा नाङ्लो बनाउन सकिने उनको भनाइ छ । उनले एक हप्तामा करिब १५० भन्दा बढी नाङ्लो बनाउने गरेको जानकारी दिए । हप्तामा बनाएको नाङ्लो धेरै जसो व्यापारीहरू हप्तैपिच्छे घरमा आएर लैजाने गर्छन ।

नाङ्लो इटहरी, धरान, भोजपुर, विराटनगर, पथरीलगायत क्षेत्रमा बिक्री हुने गरेको छ । एक वटा नाङ्लो १३० रुपैयाँ देखि २५० रुपैयाँ सम्ममा बिक्री हुने गरेको उनले बताए । नाङ्लो बनाउन सकियो भने बजारको अभाव हुँदैन ।

पहिले हामी भोजपुरबाट ल्याएर बेच्थ्यौँ, अहिले यहाँ बनाएको नाङ्लो नै भोजपुरका व्यापारीले आएर लैजाने गर्छन । दशैँ, तिहार, छठलगायत प्रमुख चाडपर्व तथा पूजाआजामा नाङ्लोको प्रयोग बढी हुने हुँदा भदौ, असोज र कात्तिक महिनामा यसको बिक्री सामान्य दिनभन्दा बढी हुने गरेको उनको अनुभव छ ।

सुनौलो बस्तीमा राईसहित करिब १५ घरधुरीभन्दा बढीले व्यावसायिक रूपमा नाङ्लो बुनेर जीविका चलाइरहनु भएको छ । यसले परिवारलाई घरमै बसेर काम गर्ने अवसर प्रदान गर्नुका साथै परम्परागत पेसा जोगाउन सहयोग पुगेको उनको भनाइ छ ।

बाहिर अर्काकोमा मजदुरी गरेर कमाइभन्दा घरमै बसेर पुख्र्यौली सीप जोगाउँदै कमाउनु फाइदाजनक छ । मेहनत भए पनि आम्दानी स्थिर हुने भएकाले पेशाप्रति सन्तुष्टि रहेको उनको भनाइ छ । उनले भने, ‘नाङ्लो बुनेरै सानो घर निर्माण गर्न गरेको छु,छोराछोरीको पढाइसमेत यसै आम्दानीले पुगेको छ ।

ग्राहकको मागअनुसार विभिन्न साइज र प्रकारका नाङ्लो उत्पादन गर्न सकिने राईले जानकारी दिए । बजारमा नाङ्लोको वृद्धि भए पनि मूल्य वृद्धि हुन नसकेको कारण मूल्य बढाउन आवश्यक रहेको उनको सुझाव छ ।

यो पेसालाई थप व्यवसायिक बनाउन स्थानीय सरकारले सहयोग र ध्यान दिनुपर्ने आवश्यकता रहेको उनले बताए । रासस

# म्याग्दीमा सडक पूर्वाधारका ३२ योजना कार्यान्वयनमा

**म्याग्दी ।**
गण्डकी प्रदेश सरकारले म्याग्दीमा चालु आर्थिक वर्ष २०८२–८३ मा सडक पूर्वाधार सम्बन्धी ३२ योजना सञ्चालन गर्ने भएको छ ।

पूर्वाधार विकास कार्यालय म्याग्दी मार्फत कार्यान्वयन हुने सडक स्तरोन्नति, मोटरेबल र झोलुङ्गे पुल निर्माण सम्बन्धी योजनाका लागि प्रदेश सरकारले ६२ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

क्रमागत १७ योजनाका लागि ५२ करोड रुपैयाँ र नयाँ १५ वटा योजनाका लागि १० करोड रुपैयाँ बजेट प्राप्त भएको पूर्वाधार विकास कार्यालयका प्रमुख बिष्णु पौडेलले जानकारी दिए ।

यसअघिका बर्षमा ठेक्का सम्झौता भएका क्रमागत योजनाका निर्माण ब्यवसायीहरु बर्खा र चाडपर्व सकिएपछि काममा फर्कन थालेका तथा नयाँ सालबसाली योजना कार्यान्वयनका लागि ठेक्का आव्हानका लागि सर्वेक्षण र लागत अनुमानको काम भैरहेको उनले बताए ।

धवलागिरि, मालिका र मङ्गला गाउँपालिका समेटिएको प्रदेशसभाको क्षेत्र १(ख)का १८ योजनाका लागि ४७ करोड रुपैयाँ र बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका समेटिएको निर्वाचन क्षेत्र १(क) का १४ योजनाका लागि १४ करोड ६२ लाख रुपैयाँ बजेट प्राप्त भएको छ ।

संघीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष २३ करोड २२ लाख रुपैयाँ बजेट बिनियोजन भएको दरवाङ–ताकम–शिवाङ–मुना–जल जला–ढोरपाटन सडक प्रदेश सरकार मार्फत म्याग्दीमा सञ्चालित सबैभन्दा ठूलो योजना हो ।

बिम–मराङ–मल्कवाङ–पाखापानी, जैसीखोर–खहरेखोला–रिसिन चौतारी हुदै बैसरी सडक स्तरोन्नति र फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि एक–एक करोड रुपैयाँ बजेट बिनियोजन भएको छ ।

म्याग्दी १(ख) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशम बहादुर जुग्जाली (सुविन)ले धवलागिरि गाउँपालिका–१ को गुर्जालाई सडक सञ्जालले जोड्ने लक्ष्य सहित प्रदेशबाट ५० लाख रुपैयाँ बिनियोजन भएको जानकारी दिए । संघीय, प्रदेश सरकार, गाउँपालिका र समुदायको साझेदारीमा विकट गुर्जालाई यो वर्ष सडक सञ्जालमा जोडिने उनले बताए ।

मङ्गला गाउँपालिका–१ को तुसारेपानी–कुहुँ, गैराखेत–मालिका मन्दिर र दरवाङ–लामेला–अल्काचौर, दूधखोला–तोलावाङ र सराग्दी सडकका लागि ५०–५० लाख रुपैयाँ र मालिका गाँउपालिकको खतेन–ओखरबोट झोलुङ्गे पुललाई ३० लाख रुपैयाँ बजेट बिनियोजन भएको छ ।

घारखोला–नेपाने र तिप्ल्याङ–बादुक बाख्रेनी डिल देखि धुपीचौर सडक रघुगंगा–२ र बगैचा रानीपौवा रिसिन चौतारी हुदै बेगखोला जोड्ने सडक र रघुगङ्गा –१ को टोल नम्बर २ को ढल निकास योजनाका लागि ५०–५० लाख रुपैयाँ बजेट बिनियोजन भएको म्याग्दी १(क) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताए । ग्रामिण सडकहरुलाई ग्राभेल, ढलान र कालोपत्र गरेर स्तरोन्नति गर्न योजनाहरु सञ्चालन भएको उनले बताए । सडक स्तारोन्नति भएपछि ग्रामिण क्षेत्रमा यातायातको सहज पहुँच बढ्ने र बसाईसराई घट्ने अपेक्षा गरिएको छ ।

अन्नपूर्ण–५ पाउद्वारदेखि कुरिलाबगर हुदै वडा नं ६ बिरौटा सम्म सहिद सुरेश शेरपुजा र हिरालाल फगामी स्मृति मोटरबाटो र दोबा–भिरकाटे सडक, ज्ञानप्रकाश मावि देखि कोट खलंगा–हुदै ठारा, भगवती–डाडाबारी–पिप्ले एकघरे सडक, कोटगाउँ–रायखोर–घ्यासीखर्क र पाखापानी– कालावाङ –ठाडाखानी र ठूलोगैरा – खबरा–बन्चरेढुंगा–भकुण्डे र आनन्दबगर–लामबगर – ढोडेनी सडकका लागि ५०–५० लाख रुपैयाँ बजेट बिनियोजन भएको छ ।

**बेनी–दरवाङ–कल्लेनी–ताकम–मुना–जलजला,**

**दरवाङ–अदिभारा–डाडागाउँ–सोले–तमान–बुर्तीवाङ,**

पखेर बरंजा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ– मुना– ढोरपाटन, दरवाङ–बिम–दिच्याम, दरखोला सडक पुल, शिवरात्री खोला सडक पुल, रुमदेखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(ख) का क्रमागत बहुबर्षीय योजनाहरु हुन् ।

निर्वाचन क्षेत्र १(क) मा बेनी–तोरीपानी, हाँडेभिर–बगरफाँट –दूधेखोला– हल्लेगौडा– डोलेमुसुङ, गलेश्वर–पिप्ले–भगवति, गलेश्वर–पुलाश्रम, चित्रे–घोडेपानी, भगवति–सिजलगाउँ–बेग जोड्ने क्रमागत बहुबर्षीय सडक निर्माणाधीन छन् । रासस

# खोटाङमा ७० प्रतिशत धानबालीमा क्षति



**खोटाङ।**
कात्तिक १५ गतेदेखि चार दिनसम्म परेको अविरल वर्षाका कारण खोटाङमा ७० प्रतिशतभन्दा बढी धानबालीमा क्षति गरेको छ । कृषि ज्ञान केन्द्र खोटाङले दिएको जानकारीअनुसार दश स्थानीय तह रहेको खोटाङमा १५ प्रतिशत थन्क्याउनका लागि काटेर ढालेको, ४५ प्रतिशत पाकेर पहेँलो भएको र दश प्रतिशत हरियो अवस्थाको धानबालीमा क्षति गरेको हो।

दश स्थानीय तह रहेको जिल्लामा यस वर्ष नौ हजार ९ सय ८८ दशमलव ०३ हेक्टर खेतमा धानबाली लगाइएको छ। जसमध्ये छ हजार ९ सय ९१ दशमलव छ हेक्टर खेतमा लगाइएको धानबालीमा अविरल वर्षाले क्षति गरेको कृषि ज्ञान केन्द्र खोटाङका प्रमुख विशाल मोदीले जानकारी दिए।

केही दिनयता अविरल वर्षा रोकिएसँगै जिल्लाका किसानहरू यसअघि वर्षाले क्षति पु¥याएर बाँकी रहेको धानबाली थन्क्याउने चटारोमा छन्। थन्काउने बेलामा परेको अविरल वर्षाले क्षति पु¥याएको धान थन्क्याउन यतिखेर किसानहरू खेत–खेतमा जुटिरहेका हुन्।

ठूलो मात्रामा धानबालीमा क्षति पुगेपछि चिन्तित बनेका किसानहरू बाँदरलगायतका वन्यजन्तुहरूबाट समेत धान जोगाउने हतारोमा छन्। देशभर परेको वर्षाका कारण दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा मात्र करिब ४१ दशमलव ६३ हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगेको छ।

पन्ध्र वडा रहेको यो नगरपालिकामा तीन हजार ५ सय हेक्टरमा धानखेती गरिन्छ । यसमा करिब आठ हजार ९९५ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

विशेषगरी काटेर पाँजो लगाएको धानमा ठूलो क्षति पुगेको वडा नं ११ खार्मीका युवा कृषक हेमन्त राईले जानकारी दिए । ‘अविरल वर्षाका कारण काटेर आलीमा राखिएको धान आलीमै उम्रिएका छन् । अविरल वर्षाले धान, कोदो, फापरलगायतका बाली तथा फलफूलमा ठूलो मात्रामा क्षति पुगेको छ’, उनले भने, ‘पाकेर थन्क्याउन लागिएको प्रमुख बाली धानमा वर्षाले क्षति गरेपछि भोकमरी हुने निश्चित छ । यसमा सरकारले राहतको व्यवस्था गर्नुपर्छ।’

हलेसी तुवाचुङ नगरपालिकामा पनि धान बालीमा ठूलो क्षति भएको नगरपालिकाका प्रवक्ता कमल गिरीले बताए । जिल्लाको दोस्रो ठूलो स्थानीय तहमा पर्ने यो नगरपालिकाका १२० हेक्टरमा धानखेती गरिन्छ। यसमा ३०८ दशमलव चार मेट्रिक टन धान उत्पादन हुने गरेको छ।

जन्तेढुङ्गा गाउँपालिकामा पनि धानखेतीमा व्यापक क्षति पु¥याएको गाउँपालिका उपप्रमुख खेमबहादुर खड्काले जानकारी दिए । उपप्रमुख खड्काका अनुसार यो गाउँपालिकामा ४० प्रतिशत धानखेती नष्ट भएको छ।

सात वडा रहेको यो गाउँपालिकामा २४० दशमलव ९६ हेक्टरमा धानखेती गरिन्छ । यसमा करिब ६१९ दशमलव २७ मेट्रिक टन उत्पादन हुने गरेको गाउँपालिकाको तथ्याङ्कमा उल्लेख छ।

बराहापोखरी गाउँपालिकामा पनि धानखेतीमा क्षति पुगेको छ । यो गाउँपालिकामा ६० प्रतिशतभन्दा बढी पु¥याएको गाउँपालिका प्रमुख शालिकराम बञ्जराले जानकारी दिए । यो गाउँपालिकामा ६५७ हेक्टरमा धानखेती गरिन्छ । यसमध्ये एक हजार ६ सय ८८ दशमलव ४९ मेट्रिक टन उत्पादन हुने गाउँपालिकाको तथ्याङ्कमा उल्लेख छ।

खोटेहाङ गाउँपालिकामा पनि धानखेतीमा ठूलो क्षति पुगेको गाउँपालिका प्रमुख उदिमबहादुर राई ‘मुक्ति’ले जानकारी दिएका छन । यो पालिकामा एकीन विवरण नआइसके पनि करिब ४० प्रतिशत धान पानीले नष्ट गरेको छ।

गाउँपालिकामध्ये सबैभन्दा ठूलो (नौ वडा रहेको) यो गाउँपालिकामा एक हजार २ सय हेक्टरमा धानखेती गरिन्छ । यो गाउँपालिकामा करिब तीन हजार ८४ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा पनि पानीले धानखेतीमा क्षति पु¥याएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिएका छन। यो पालिकामा पनि एक हजार २ सय हेक्टरमा तीन हजार ८४ मेट्रिक टन धान उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

साकेला, रावाबेँसी, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा पनि झरीले धानबालीमा व्यापक क्षति पु¥याएको छ । साकेला गाउँपालिकामा आठ हेक्टरमा दुई हजार ५६ मेट्रिक टन, रावाबेँसीमा ८ सय ५० हेक्टरमा दुई हजार १ सय ८४ दशमलव पाँच मेट्रिक टन, केपिलासगढीमा ७ सय ५० हेक्टरमा एक हजार ९ सय २७ दशमलव पाँच मेट्रिक टन र ऐसेलुखर्क गाउँपालिकामा एक हजार हेक्टरमा दुई हजार ५ सय ७० मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

जिल्लाका दशवटै स्थानीय तहमा गरी करिब २६ हजार मेट्रिक टन धान उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र खोटाङले उल्लेख गरेको छ । यस वर्ष धान रोप्नका लागि समयमै वर्षा भएकाले उत्पादन वृद्धि हुने अनुमान गरिएको थियो।रासस



**खेतीको तयारीः** अछामको मङ्गलसैन नगरपालिका–१४स्थित कालागाउँका किसान धान काटेर भित्र्याइसकेपछि गहुँ लगाउनका खेत खनजोत गर्दै । तस्बिरः सुशील भण्डारी

# विभिन्न जातजातिको संस्कृतिको अध्ययन केन्द्र ‘तनहुँ सङ्ग्रहालय’

**दमौली।**
तनहुँमा बसोबास गर्ने विभिन्न जातजातिका संस्कृति, रीतिरिवाज अध्ययन गर्ने केन्द्र बनाउन तनहुँ सङ्ग्रहालय स्थापना गरिएको छ । नेपाल क्षेत्री समाज तनहुँको सक्रियतामा व्यास नगरपालिका–१ करङकाठस्थित समाजको भवनमा तनहुँ सङ्ग्रहालय स्थापना गरिएको हो।

सङ्ग्रहालयमा तनहुँमा रहेका जातजातिका पहिरन, उनीहरुले प्रयोग गर्ने सामग्री राखिने सङ्ग्रहालय संयोजक देवीबहादुर बस्नेतले जानकारी दिए। तनहुँमा प्रमुख १६ जाति रहेकाले सङ्ग्रहालयमा ती सबै जातजातिका सामग्री राखिने बस्नेतले बताए।

उनले भने, ‘यहाँ रहेका ब्राम्हण, क्षेत्री, दरै, कुमाल, बोटे, गुरुङ, राई, दुरा, दमै, कामी, सार्की लगायतले प्रयोग गर्ने पहिरन, उनीहरुले प्रयोग गर्ने सामग्रीलगायत सबै सामग्री सङ्ग्रहालयमा राख्छौँ । यो सङ्ग्रहालय नयाँ पुस्ताका लागि पाठशाला बन्नेछ। सङ्ग्रहालय विभिन्न जातजातिका धर्म, संस्कृति, रीतिरिवाज अध्ययनको बृहत् केन्द्र बन्ने विश्वास गरेका छौँ।’

सङ्ग्रहालयले विभिन्न जातजातिका रहनसहन, वेषभूषासँगै सम्पूर्ण दिनचर्याबारे जान्ने अवसर प्रदान गर्ने उनको भनाइ छ । बस्नेतका अनुसार जिल्लामा बसोबास गर्ने सबै जातजातिका समुदायमा पुगेर उनीहरुले प्रयोग गर्ने वस्तुहरु सङ्कलन गरी सङ्ग्रहालयमा राखिनेछ । उनले भने, ‘सम्बन्धित जातजातिका समुदायमा पुगेर त्यस्ता सामग्री सङ्कलन गर्छौं, सहयोगका लागि अपिल पनि गरेका छौँ। नपाइने सामग्री भने खरिद गरिनेछ।’

सङ्ग्रहालय संस्कृति संरक्षणसँगै जिल्लाको पर्यटन प्रवद्र्धनका लागि पनि सहयोगी बस्नेतको विश्वास छ । उनका अनुसार सङ्ग्रहालयमा जिल्लाका ऐतिहासिक, पर्यटकीय गन्तव्यस्थलका बारेमा जानकारी दिने सामग्रीसमेत राखिएको छ।

सङ्ग्रहालय स्थापनाका लागि गण्डकी प्रदेश सरकारले पाँच लाख रुपैयाँ बजेट सहयोग गरेको थियो। यस्तै नेपाल क्षेत्री समाज तनहुँले गत तिहारमा देउसीभैलो खेलेर रु चार लाख सङ्कलन गरेको छ । सङ्ग्रहालयमा राष्ट्रिय विभूतिका शालिकसमेत राखिने बस्नेतले बताए।

उनले भने, “देशका लागि विशेष योगदान दिने व्यक्तिहरुको पनि शालिक बनाउँछौँ ।” सङ्ग्रहालय स्थापनाका लागि बजेट आवश्यकपर्ने भएकाले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग सहयोगको अपिल गरिने बस्नेतले बताए।

सङ्ग्रहालयका सहसंयोजक तिलक चौहानले स्थानीय सरकारले सङ्ग्रहालयमा ध्यान नदिएकाले क्षेत्री समाजको परिकल्पनामा सङ्ग्रहालय बनाउन लागिएको बताए। उनले भने, ‘यो सङ्ग्रहालय तनहुँको मात्र नभई देशैभरिको सङ्ग्रहालयको केन्द्र बन्ने विश्वास गरेका छौँ। सङ्ग्रहालय स्थापना भएको एक वर्ष पूरा भएको छ, तर यहाँ राखिने सामग्री सङ्कलनको कामलाई अब तीव्रता दिन्छौँ।’

क्षेत्री समाज नेपाल तनहुँका सदस्य एवं सङ्ग्रहालयका सचिव रामचन्द्र अधिकारीले सङ्ग्रहालय स्थापनाका लागि सहयोग गर्न सबै जातजातिलाई आग्रह गरे। उनले भने, ‘प्रत्येक टोल, गाउँ, वडासम्म पुगेर सामग्री सङ्कलनको अभियानमा जुट्दैछौँ।’

नेपाल क्षेत्री समाज तनहुँका सचिव हरि कार्कीले समाजको सक्रियतामा सङ्ग्रहालय निर्माण गरिएपनि यसलाई सबै जातजातिको पहिचान झल्किने केन्द्र बनाइने उल्लेख गरे। उनले भने, ‘सङ्ग्रहालयमा ऐतिहासिक, पुरातात्विक वस्तुको संरक्षण त हुन्छ नै सङ्ग्रहालय विद्यार्थीका लागि शैक्षिक अध्ययनको केन्द्र बन्नेछ।’

सङ्ग्रहालयसँगै यहाँ पुस्तकालयसमेत बनाइएको छ। पुस्तकालयमा विभिन्न लेखकले लेख्नुभएको पुस्तक राखिएको छ । ती पुस्तकले तनहुँका ऐतिहासिक, सांस्कृतिकस्थलका बारेमा अध्ययन गर्न सकिनेछ।

# पत्रकार सापकोटाको ‘ज्ञानिका’ लोकार्पण




**काठमाडौँ।**
पत्रकार एवम् लेखक ददि सापकोटाको सिर्जना कर्मनायकका सपना, सङ्घर्ष र संरक्षणका कथासम्बन्धी विषयवस्तु समेटिएको ‘ज्ञानिका’ कृति लोकार्पण गरिएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा आयोजित कार्यक्रमा पुस्तकमा समेटिएका विभिन्न शीर्षकका लेखकले सामूहिक रूपमा कृति विमोचन गरे । गैरआख्यान ‘ज्ञानिका’मा नेपाली प्रकृति, संस्कृति, वन्यजन्तु संरक्षण र विज्ञानको क्षेत्रमा सिङ्गो जीवन अर्पण गरेका साहसी अनि कर्मशील व्यक्तित्वको कर्म र गाथा समेटिएको छ।

पर्यटन क्षेत्रबाट पेसा शुरु गरेका सापकोटा वातावरण, प्रकृति र जीवजन्तुका विषयमा निरन्तर कलम चलाउँदै आएका छन् । नेपालका हिमनदी, हिमताल, अनकन्टार डाँडाकाँडा, गड्गडाउँदै बग्ने नदी, गैँडाको ढरढर र हात्तीको हुँकारसम्बन्धी विषयवस्तुको जानकारी पुस्तक अध्ययनबाट प्राप्त हुने लेखकको भनाइ छ।

देशका प्रकृति, संस्कृति र वन्यजन्तु संरक्षणमा महत्त्वपूर्ण योगदान पु¥याउने २१ जना लेखकद्वारा लिखित नेपालका हिमनदी र बाढीको बदलिँदो अनुहार, अविश्वासिलो जीवसँग तीन दशक, पहाडदेखि मैदानसम्म, प्रकृतिको आश्चर्य, नेपाली जडीबुटी र आयुर्वेदको चमत्कार शीर्षकका लेख समावेश छन्।

पुस्तकमा प्रण र वंश रक्षामा वनस्पतिको सङ्घर्ष, विश्वलाई सामुदायिक वनको ढाँचा, सिकारमार्फत वन्यजन्तु संरक्षण र पर्यटनको अवसर, प्रदूषणमुक्त नेपालको बाटो, माटोको खान्की र स्वास्थ्य मानव, बाँदरसँग संवाद, उसैसँग प्रेम, वन्यजन्तु संरक्षण र पीडाको कथा, विश्वव्यापी पर्यटन दौडको मानचित्रमा नेपाल, शक्तिशाली नदी र चुनौतीपूर्ण भूभागमा प्रवासी माछा, सिकारीसँग लडाइँ, बाघसित भेटैभेट, आँखैअघि खतरा शीर्षकका लेख छन्।

# पर्यटनमार्फत समृद्धि खोजिरहेको लोपोन्मुख आठपहरिया समुदाय

**सिर्जना राई**
**धनकुटा।**
धनकुटा बजारबाट करिब पाँच किलोमिटर उकालो चढेपछि पुगिन्छ, सिप्तिङ गाउँ। धनकुटा नगरपालिका–३ मा पर्ने यो स्याउले सिप्तिङ गाउँमा आठपहरिया समुदायको बाहुल्य छ। संख्याका हिसाबले सानो तर सांस्कृतिक सम्पदामा समृद्ध आठपहरिया समुदायले सञ्चालन गरेको होमस्टे अहिले स्थानीय पर्यटनको नयाँ पहिचान बनेको छ। अरुण र तमोर नदीको बीचमा पर्ने धनकुटालाई आफ्नो उद्गम थलो मान्दै आएको यो सीमान्तकृत आदिवासी जनजाति ‘आठपहरिया’ यतिबेला पर्यटनमार्फत समृद्धि खोजिरहेको छ।

स्याले सिप्तिङ गाउँ पुग्ने पर्यटकहरु पाहुना होइन परिवारका सदस्य बन्छन् । हरियाली डाँडामाथि, चिसो र निश्चल हावाको वेगसँगै सुनौला घामका किरणले यो गाउँको सुन्दरता अझ बढाउँछ।

नेपालको जनगणना, २०७८ अनुसार आठपहरिया समुदायको संख्या पाँच हजार ८ सय ७८ जना छ । यो समुदायलाई होमस्टेमार्फत समृद्धिको यात्रामा हिंडाउने अग्रसरता भने अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र कम्युनिटी होमस्टे नेटवर्कले गरेका थिए।

साथै आतिथ्य सत्कार र क्षमता अभिवृद्धिका लागि नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी)ले संस्कृति प्रवद्र्धन गर्न धनकुटा नगरपालिकासँग सहकार्य गरेका थिए। यहाँ आउने पर्यटकको स्वागतमा होटलको औपचारिकता जस्तो नभई मौलिक संस्कृति झल्किन्छ । पाहुनालाई आमा तथा दिदीबहिनीहरुले रातो टीका, फूलको माला र मीठो मुस्कानले स्वागत गर्छन्।

स्वागतमा स्थानीय मौरीको मह मिसाइएको पानी अनिवार्य जस्तै छ । एकैछिन थमाइ मारेपछि पाहुनालाई होमस्टे र समुदायको इतिहास, संस्कार र संस्कृतिसँग साक्षात्कार गराइन्छ । आठपहरिया समुदायले कसरी आफ्नो पहिचान र परम्परा जोगाउँदै पर्यटनलाई आत्मसात गरेका छन् भन्ने जानकारी दिइन्छ।

स्याउले सिप्तिङ पुग्ने अधिकांशको ध्यान सुन्तला बगैँचाले तान्छ । पाहुनाहरू बगैँचामा रमाउँदै किसानसँग संवाद गर्छन्। सुन्तलाखेती, मह उत्पादन र स्थानीय बीउ संरक्षणबारे जानकारी लिन्छन्। यहाँको होमस्टेले पाहुनालाई केबल बास मात्र होइन, जीवनशैलीको अध्ययन र अनुभव पनि दिन्छ।

गत वर्ष यस होमस्टेमा ७२ जना पर्यटकलाई स्वागत गरिएको होमस्टेका अध्यक्ष हिराबहादुर राईले बताए। जसमा २४ जना विदेशी पाहुना थिए। यस वर्ष भने हालसम्म ८२ जना पर्यटक यहाँ आइपुगेको उनले बताए।

एकरातमा १७ जनासम्म पाहुनालाई बास दिनसक्ने गरी विकास गरिएको यस होमस्टेमा मनोरञ्जन, संस्कृतिको जगेर्ना र नयाँ पुस्तालाई आफ्नो संस्कृतिबारे जानकारी गराउने उद्देश्यले हरेक बेलुका स्थानीय सांस्कृतीक नृत्यहरु प्रस्तुत गरिन्छ। यहाँको अर्को आकर्षण हो, साततले झरना र गुफा । सामुदायिक होमस्टेबाट १५ मिनेटको सवारी यात्रा र करिब डेढ घण्टा पैदल यात्रा गरेपछि झरना देख्न पाइन्छ । झरना पुग्नुभन्दा एक किलोमिटर अगाडि नै साततले गुफा छ। यस क्षेत्रलाई पहुँचयोग्य बनाउन एसटीएलआरपीले पदमार्ग निर्माण गरिदिएको छ।

आठपहरिया समुदाय नेपालको लोपोन्मुख जातिमा पर्छ । उनीहरुको आफ्नै भाषा, गीत, नृत्य र परम्परा छ । पछिल्लो समय आधुनिकतासँगै संस्कृति हराउने चिन्ता समुदायका हिराबहादुरलाई छ। उनी भन्छन्, ‘हामीले त पुर्खाहरुबाट सिक्यौँ। तर, नयाँ पुस्ताले आधुनिकतामा रमाएर आफ्नो संस्कृति छोड्दै जाँदा इतिहास नै मेटिन्छ कि जस्तो लाग्छ। त्यसपछि अहिले हामीले संस्कृति हस्तान्तरण र सिकाइका लागि हरेक साँझ सांस्कृतिक कार्यक्रमहरु गर्ने गरेका छौँ।’

उनले पर्यटनलाई संस्कृति संरक्षणको माध्यम बनाइरहेको पनि बताए। होमस्टे यहाँ केबल व्यवसाय मात्र नभएर संस्कृति जीवित राख्ने माध्यम भएको उनको भनाइ छ। पाहुनाले यहाँ बास गर्दा केबल प्रकृति मात्र हेर्दैनन्, उनीहरू जीवनको एक पुरानो अध्यायसँग भेट गर्छन्, जहाँ सम्बन्ध, श्रम र माटोको गन्ध मिसिएको छ।

यस परियोजनामा स्थानीय युवा सक्रिय छन् । उनीहरू पर्यटन व्यवस्थापन, पाहुना सेवा र गाइडिङमा दक्ष बन्दै गइरहेका छन्। तर, अझै सहज पहुँचका लागि होमस्टेसम्म जोड्ने बाटो बनाउन सहयोगका लागि सरकारसँग स्थानीय समुदायले आग्रह गरेका छन्।

दीगो पर्यटन परियोजनाका अधिकृत खगेन्द्र खड्काले भने, ‘स्याउले सिप्तिङ सामुदायिक होमस्टेले नेपालमा सांस्कृतिक पर्यटनको नयाँ परिभाषा दिइरहेको छ । स्याउले सिप्तिङको साँझमा जब ढोल बज्छ र आठपहरियाहरू परम्परागत नृत्यमा रमाउँछन्, पाहुना पनि सँगसँगै नाच्छन् । त्यो क्षणमा संस्कृति, प्रकृति र मानवीय आत्मीयता एकै ठाउँमा मिसिएको अनुभव हुन्छ । यसले ग्रामीण अर्थतन्त्रमा सशक्त प्रभाव पार्ने मात्र नभएर संस्कृति जगेर्नामा पनि कोशेढुङ्गा सावित हुनेछ।

# अस्ताए आलम



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री मोहम्मद अफताव आलमको निधन भएको छ । उच्च रक्तचाप, सुगरलगायत स्वास्थ्यमा समस्या देखिएपछि विगत एक महिनादेखि काठमाडौंको सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार गराइरहेका आलमको शनिबार बिहान २ बजे निधन भएको हो ।

आलमलाई दशैंअघिदेखि अस्पतालमा भर्ना गरेर राखिएको थियो । पछिल्लो एक सातादेखि स्वास्थ्यमा थप समस्या देखिएपछि भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो । आलमको उपचारका क्रममा निधन भएको अस्पतालका सञ्चालक एवम् कांग्रेसका निवर्तमान सांसद डा. सुनिल शर्माले जानकारी दिए ।

आलम विसं २०५१ को उपनिर्वाचनमा पहिलोपटक संसदीय निर्वाचनमा विजयी भएका थिए । विजयी भएसँगै विसं २०५४ मा श्रम राज्यमन्त्री र २०५५ मा वन राज्यमन्त्री भएका थिए । त्यसपछि उनी २०५६ सालको संसदीय निर्वाचन र विसं २०६४ को पहिलो संविधानसभा निर्वाचनमा पनि निर्वाचित भएका थिए । त्यसपछि उनी भूमि सुधारमन्त्री र श्रम तथा यातायातमन्त्रीसमेत बनेका थिए । विसं २०६७ को पार्टीको १२ औं महाधिवेशनमा कांग्रेसको केन्द्रीय सदस्य निर्वाचित भएका थिए ।

स्व आलमले विसं २०६४ चैत २७ गते पहिलो संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजपुरमा बम विस्फोटमा परेका यमुनामाई गाउँपालिका घर भएका घाइतेद्वय पिन्टु भनिने तिलोकप्रताप सिंह राजपुत र ओसी अख्तरलाई इँटाभट्टामा जलाएर हत्या गरेको कसुरमा जन्मकैदको फैसला भएपछि कारागार जीवन बिताएका थिए । उनलाई जेठ १४ गते रौतहट जिल्ला अदालतको फैसलाले कारागारमुक्त भएपछि ब्रेन स्टोक भएको थियो । पूर्वमन्त्री आलमको दुई छोरा र एक छोरी छन् ।

**कांग्रेसद्वारा शोकप्रस्ताव पारित**

नेपाली कांग्रेसले पार्टीका नेता एवम् पूर्वमन्त्री मोहम्मद अफताव आलमको निधनप्रति शोकप्रस्ताव पारित गरेको छ ।

पार्टीका कार्यबाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा शनिबार बसेको पार्टीको आकस्मिक केन्द्रीय कार्यसमितिको बैठकले शोकप्रस्ताव पारित गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । कांग्रेसले पार्टीका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री एवम् रौतहट जिल्लाका पूर्वसभापति ६३ वर्षीय आलमको गएराति काठमाडौंको सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेजमा उपचारक्रममा भएको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । विसं २०१९ असार ५ गते रौतहटको राजपुर फरहदवा गाविस–४ मा जन्मेका आलमले विसं २०३६ देखि नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक यात्रा प्रारम्भ गरेका थिए । राजनीतिक जीवनमा उनले पटकपटक मन्त्री पदको जिम्मेवारी सम्हालनुभएको कांग्रेसले जनाएको छ । नेपालमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका आन्दोलन र सङ्घर्षका क्रममा उनले पटकपटक जेल जीवन व्यतित गर्नुका साथै स्वर्गीय आलमले पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसले जनाएको छ । आमलको आत्माको चिर शान्तिको कामना गर्दै केन्द्रीय कार्यसमितिको आजको बैठकले एक मिनेट मौन धारण गर्ने निर्णयसमेत गरेको छ । बैठकले आलमको निधनमा विसं २०८२ कात्तिक २२, २३ र २४ गते (तीन दिनसम्म) पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालमा झण्डा आधा झुकाउने, २०८२ कात्तिक २३ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने र स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको मुख्यसचिव पौडेलले बताए ।

# सत्ताबाट सडकमा झरेका ओली चुनाव भाँड्न नाटक गर्दैछन्: साह



**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले एमालेले चुनाव भाँड्न नयाँनयाँ नाटकमञ्चन गरिरहेको भन्दै फागुन २१ गते चुनाव हुन नदिने कुनैपनि षड्यन्त्र र खेलबाडको विरुद्धमा जनस्तरबाटै प्रतिवाद गरिनुपर्ने बताएका छन् । गुण्डमा बसेर केपी ओलीले मुलुकलाई झनै अप्ठ्यारोमा हाल्नेगरी षड्यन्त्रको तानाबाना बुनेको र ओलीको अपराधलाई एमालेका राम्रा नेताले बोकेर हिँड्न नहुने साहको सुझाव छ ।

शनिबार कम जेन्जी नेपालले गरेको बृहत अन्तरक्रियामा सम्बोधन गर्दै साहले चुनाव गराउने र सरकारलाई पनि सही ट्र्याकमा हिँडाउन चनाखो हुन अपिल गरे । एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा पुनःस्थापना गर्ने भनेर आफ्नो दलका नेताहरुलाई हस्ताक्षर संकलनको अभियान चलाउन लगाएपछि साहले चुनावबाट नभाग्न र चुनावी वातावरण नधमिल्याउन चेतावनी दिएका हुन् । जेन्जी आन्दोलनमा चरम दमन गर्ने र युवाको छाती र टाउकोमा ताकिताकी गोली हान्नेहरुले नै चुनाव हुन नदिने भनेर चुनौती दिन थालेको भन्दै साहले देशभक्त, प्रगतिशील र राष्ट्रवादी जनता जागरुक हुनुपर्ने आवश्यकता औंल्याए ।

चुनाव फेस गर्न एमाले डराउनुको कारण ओलीको दम्भकारी शासन र अहंकारलाई युवाहरुको बलमा जनताले दुई दिनमै धुलो चटाएको र अहंकार उतारिदिनु नै प्रमुख कारण भएको साहको टिप्पणी छ ।

उनले भने, 'एक त केपी ओलीहरु अहिले लुकेर बस्नुपरेको छ, अर्को भर्खरै युवाहरुलाई ताकिताकी गोली हानेर मारिएको छ, अनि यिनीहरु कुन मुख लिएर जनतामा जान्छन् ? जनताले यी हत्यारा शासकहरुको मुख नै हेर्न चाहेका छैनन् ।'

जाँचबुझ आयोगले पनि भदौ २३ गते युवाहरुको हत्यामा संलग्न शासकहरुलाई अहिलेसम्म बयान लिन नसक्नु निकम्मापन भएको भन्दै आयोगका पदाधिकारीको क्षमतामाथि नै प्रश्न उठाए । उनले गृहमन्त्री ओमप्रकाश अर्याल सस्तो लोकप्रियतामा रमाएको र जाँचबुझ आयोगका पदाधिकारी पनि कमजोर मनोबल बोकेर बस्दा हत्याराको चाहिँ मनोबल उकासिएको टिप्पणी गरे ।

उनले भने, 'शान्ति, सुरक्षा र अमचनयन गर्ने जिम्मा पाएका गृहमन्त्रीलाई कहिले बालेनले धम्काएको छ, कहिले जेन्जी अगुवाले राजीनामा मागेका छन्, अनि गृहमन्त्री लुतेजस्तो देखियो, निरीह देखियो, यस्तो निरीहपनले देशमा चुनाव हुन्छ ?' सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको दुई महिना हुन लाग्दासमेत जेन्जी युवाहरुको हत्यालाई कारबाही प्रक्रिया अघि नबढ्नुमा सरकार र हत्याराहरुको नेक्ससको गन्ध आएको साहको आरोप छ ।

उनले अहिलेको सरकारले देशलाई पार लगाउने छाँटकाँट नदेखिएको शंका व्यक्त गरे । तर, २१ फागुनमा चुनाव गराउने दायित्वबाट नभाग्न र आफ्नो सत्ता लम्ब्याउने षड्यन्त्र नगर्न पनि उनले यो सरकारलाई चेतावनी दिए ।

# स्वकीय सचिवको तलब भत्ता रोकिँदा मासिक ४० लाख जोगियो

**जनकपुरधाम ।**
संघीय सरकारको खर्च कटौती र मितव्ययिता सम्बन्धी परिपत्र पछि मधेश प्रदेश सभाको सरकारको मासिक खर्चमा ४० लाख बढी रकम जोगिने भएको छ ।

संघीय अर्थ मन्त्रालयले असोज ७ गते जारी गरेको परिपत्रले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रदेश प्रमुख र मन्त्रीबाहेकका राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेपछि मधेश प्रदेशसभाका सचिवालयले प्रदेश सभा सदस्यहरुका लागि गर्दै आएको ४० लाख २९ हजार ७ सय ५८ रुपैयाँ मासिक रुपमा जोगिएको हो ।

मधेश प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाले ऐनअनुसार प्रदेशसभा सदस्यहरुले स्वकीय सचिव पाउँदै आएका थिए । तर, संघीय अर्थ मन्त्रालयको निर्देशनपछि भदौ महिनासम्मको तलब भुक्तानी गरेर हाललाई रोकिएको जानकारी दिए ।

सचिव कोइरालाले प्रदेश सरकार स्वायत्त भएको कारण आगामी निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले नै गर्ने जानकारी पनि दिए । मधेश प्रदेशमा नयाँ सरकार बने पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । तलब रोकिएपछि प्रदेशसभाका स्वकीय सचिवहरुमा असन्तुष्टि बढेको छ ।

त्यसो त अधिकांश प्रदेश सभाका सदस्यहरु स्वकीय सचिवमा छोरा, श्रीमती र महिलाले श्रीमान्लाई राख्ने काम भएको छ । धेरैले माल क्षेत्रका कार्यकर्ताहरुलाई राख्ने काम भएको छ ।

प्रदेशसभा ऐन अनुसार सभामुखका लागि १० जना, उपसभामुखका लागि ५ जना, दलका नेताहरु र समितिका सभापतिको सचिवालयमा क्रमशः ४, ३ र २ जनासम्मका कर्मचारी तोकिएको छ । साधारण सदस्यका लागि पनि १ जनासम्म स्वकीय सचिव राख्न पाउने व्यवस्था छ ।

तर, संघीय परिपत्रले यी सबै पदाधिकारीका स्वकीय सचिवको सुविधा कटौती गरेपछि प्रदेशसभा सचिवालयको कार्यसम्पादनमै असर परेको छ । उपसभामुखका लागि माली र स्वीपरसमेत थप राख्न पाउने प्रावधान पनि अब अनिश्चित बनेको सचिवालय स्रोतको भनाइ छ ।

सचिव कोइरालाका अनुसार अहिलेको अवस्था अस्थायी हो । मधेश प्रदेशका मन्त्रिपरिषद्ले राजनीतिक सहमति अनुसार पुनः निर्णय गरेपछि स्वकीय सचिवहरुको तलब पुनः जारी गर्न सकिने सम्भावना खुला रहेको उनले जानकारी दिए ।

# मन्त्रीद्वारा विभिन्न निकायमा अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. मदन प्रसाद परियारले बारा र पर्सामा रहेका विभिन्न कृषि अनुसन्धान, उत्पादन तथा सेवा प्रवाह गर्ने निकायहरुको अनुगमन गरेका छन् ।

मन्त्री परियार परवानीपुरस्थित राष्ट्रिय पंक्षी अनुसन्धान कार्यक्रम, कृषि अनुसन्धान निर्देशनालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम, साल्ट ट्रेडिङ वीरगंज र रानीघाटस्थित कृषि औजार अनुसन्धान केन्द्रमा पुगेका थिए । अनुगमनका क्रममा उनले सेवा प्रवाहको अवस्था, संरचना, कार्यक्रम र उपलब्धिबारे जानकारी लिएका छन् । सम्बन्धित कार्यालय प्रमुखहरुले हाल भइरहेको काम, उपलब्धि तथा चुनौतीबारे विवरण प्रस्तुत गरेका थिए । अनुगमनपछि मन्त्री परियारले कृषकले प्रत्यक्ष महसुस गर्ने सुधारात्मक कामलाई प्राथमिकतामा राखी अघि बढ्न निर्देशन दिए ।

उनले कृषि तथा पशुपालन क्षेत्रमा अनुसन्धानको प्रभावकारी कार्यान्वयन, सेवा वितरणको सहज पहुँच र उत्पादन वृद्धि लक्षित कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता रहेको बताए ।

आवश्यक समन्वय, स्रोत परिचालन र प्राविधिक क्षमता अभिवृद्धिद्वारा कृषि आधुनिकीकरणलाई परिणाममा जोडिने गरी कार्यान्वयन गर्न कार्यालय प्रमुखहरुलाई निर्देशन गरिएको छ ।

# आपराधिक लाभ हासिल अभियोगमा पूर्वसहसचिव पक्राउ

**काठमाडौं ।**
नेपाल ट्रष्टका नाममा दर्ता भएको जग्गाको लिज सम्झौता गर्दा गैरकानुनी लाभ हासिल गरी मुलुकलाई नोक्सानी पुर्‍याएको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरेको छ ।

ब्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार काठमाडौं महानगरपालिका–१ दरबारमार्गस्थित रहेको जग्गा नेपाल ट्रष्टको कार्यालय र थामसेर्कु ट्रेकिङको बीचमा लिजमा दिने र लिने करार सम्झौता गर्दा सूचनामा उल्लेख भएको भन्दा बढी जग्गा दिएको पाइएको छ ।

सूचनामा उल्लेख भएको कित्ताको जग्गाभन्दा बढी अर्को कित्तासमेत थप गरी लिजमा दिने र लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा आधारविना बदनियतपूर्वक सम्झौता गरिएको ब्यूरोले जनाएको छ ।

सो सम्झौताले नेपाल ट्रष्टको कार्यालयलाई दीर्घकालीन हानिनोक्सानी हुनेगरी विसं २०७४ जेठ १४ गते करार सम्झौता गरी लिजमा दिइएको थियो । विभिन्न ओहदा र पदमा रहेका व्यक्तिले गैरकानुनी तवरले लाभ लिई ठगी, आपराधिक विश्वासघात गरेका अनुसन्धानका क्रममा देखिएको ब्यूरोले जनाएको छ ।

आपराधिक विश्वासघातसम्बन्धी कसुरको अनुसन्धानका क्रममा करार सम्झौता गर्ने कार्यमा संलग्न रहेका ट्रष्टको कार्यालयमा कार्यरत तत्कालीन सहसचिव कार्कीलाई ब्यूरोले शुक्रबार पक्राउ गरी हाल अनुसन्धान गरिरहेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

# २२८ जनाको निःशुल्क आँखा परीक्षण

**रौतहट ।**
दुर्गा भगवती गाउँपालिका–२ पिपरा भलोहियास्थित सरस्वती माध्यमिक विद्यालयमा एकदिने निःशुल्क आँखा शिविर भएको छ ।

रुइत फाउन्डेसनको आर्थिक सहयोग, दुर्गा भगवती गाउँपालिकाको समन्वय तथा नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पताल पुरेनवाको प्राविधिक सहयोगमा आयोजित शिविर शनिबार बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन गरिएको थियो ।

शिविरमा २ सय २८ जनाले आँखा परीक्षण गराएका थिए । १ सय १९ महिला र १ सय ९ पुरुषको आँखा परीक्षण भएको हो ।

गौर आँखा अस्पतालका कर्मचारी तथा शिविर संयोजक सत्येन्द्र पाण्डेका अनुसार परीक्षणमा



सहभागीमध्ये १ सय २६ जनालाई औषधि र ७ जनालाई निःशुल्क चस्मा वितरण गरिएको छ ।

त्यसैगरी, ८२ जनामा मोतिबिन्दुको समस्या पाइएको र उनहरुको निःशुल्क शल्यक्रिया गरिने संयोजक पाण्डेले जानकारी दिए । उनका अनुसार ती बिरामीलाई अस्पतालको बसमार्फत आइतबारदेखि मङ्गलबारसम्म गौर आँखा अस्पताल पुर्‍याइने र शल्यक्रिया पछि पुनः घरमै पुर्‍याइदिने व्यवस्था गरिएको छ ।

शिविर उद्घाटन दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले गरेका थिए । कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, गौर आँखा अस्पतालका प्राविधिक तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन